
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत [३५]

वर्ष ७, अंक ४ | बुद्ध सम्वत् २५६३ | ने.सं. ११४० चिल्लाथ्व | वि.सं. २०७६ फागुन २६ होली पुन्ही



लुम्बिनी शान्ति दीप

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट*

# अर्हत

त्रैमासिक

वर्ष ७ | अङ्क ४ | पूर्णाङ्क ३५ | नेसं ११४० चिल्लाथ्व

शक सं. १९४० | २०७६ फागुन २६ | बुद्ध सं. २५६३

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा–७, भक्तपुर
Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०।–


# सम्पादकीय

अमेरिकाले 'मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौताअन्तर्गत नेपाललाई दिइने सहयोग ५०० मिलियन डलर (रू. ५६ अरब) लिनु हुन्छ वा हुँदैन भन्ने विषयमा हाम्रो देशभित्र व्यापक चर्चा परिचर्चा, वाद-विवाद तथा छलफल चलेको अनुभव बौद्ध दर्शन अध्ययन समाजले गर्दै छ ।


नेपालजस्तो विकासोन्मुख देशको निमित्त यो सहयोग अत्यन्त महत्त्वपूर्ण छ । यो सहयोग चिप्लिएर फिर्ता गयो भने नेपालको विकास साह्रै पछि पर्ने छ, यसकारण यो सहयोग छोड्नु हुन्न भन्ने विचार सुन्नमा आएको छ । त्यस्तै मिलिनियम च्यालेन्ज कर्पोरेसन भनेको हिन्द प्रशान्त रणनीतिको अङ्ग हो । नेपालले एमसीसी अन्तर्गतको सहयोग लिनु हुन्न । यदि एमसीसीको सहयोग लिने विषय सदनबाट पास भएमा नेपाल विदेशी सैन्यहरूको अखडा बन्ने छ । यसकारण यो स्वीकार गर्नुहुन्न भन्ने विचार पनि हाम्रो समाजले अनुभव गऱ्यो । दुबै पक्षको विचारलाई समर्थन वा विरोध गर्नुअगाडि बुद्धले हामीलाई दिनुभएको उपदेश सम्झनुपर्ने आवश्यकता देख्यौं । बुद्धले भन्नुभएको थियो, 'तृष्णा नगर ।' तृष्णाले दु:ख उत्पन्न हुन्छ, आँखा चिम्लेर कसैको कुरा स्वीकार नगर, सबैमा आलोचनात्मक दृष्टिकोण राख ।' बुद्धको यो उपदेशलाई व्यवहारमा लागू गर्ने हो भने मिलिनियम च्यालेन्ज कर्पोरेसनअन्तर्गत दिइने आर्थिक सहयोगको पछाडि के स्वार्थ लुकेको छ भन्ने विषयमा चिन्तन गर्नु आवश्यक छ । कसैको दयाभित्र डरलाग्दो स्वार्थ लुकेको हुन्छ भन्ने कुरा व्यक्ति, समाज र राष्ट्रले अनुभव गरेकै विषय हो ।

आँखा चिम्लेर मित्र राष्ट्रको कुरा स्वीकार्दै उसले गरेको सहयोगमाथि लोभ गरेमा बुद्ध भूमि नेपालमाथि दु:खको बोझ थपिँदैन र ? लोभ नै तृष्णा, तृष्णा नै दु:खको कारक होइन र ?

*(अस्तु)*

**भवतु सब्ब मङ्गलं ।**


# सम्पत्तिसम्बन्धी समाजवादी व्यवस्था



✍ भिक्षु अश्वघोष

विनयपिटकमा उल्लेख भए अनुसार संघको सम्पत्तिसम्बन्धी अधिकारको व्यवस्था विधिविधान बिलकुल समाजवादी तरिका हो । बुद्धशासनको लागि भनी दान दिएको बस्तु सामूहिकरूपमा स्वीकार गरी सामूहिकरूपमा प्रयोग गर्नु बुद्धको पालादेखि चलिआएको चलन हो । खेत आदि जमीन अचलसम्पति आदि वस्तुहरू सांघिकरूपमै स्वीकार गर्ने तरिका विनयपिटकमा राम्रोसँग उल्लेख गरिएको पाइन्छ । समाजवादी राज्य व्यवस्थामा व्यक्तिगतरूपमा प्रयोग गर्न सक्नेगरी व्यवस्था मिलाइएको छ । तर हाल विनयपिटकमा उल्लेख भए अनुसार भिक्षुसंघमा त्यस्तो व्यवस्था देखिंदैन । यदि कोहि भिक्षुको व्यक्तिगत धनसम्पति वा वस्तु छ भने उसले उपभोग गर्न सक्नेछ तर त्यस भिक्षुको मृत्युपछि ती सम्पत्तिको अधिकार संघको हुन्छ । जीवित कालसम्म मात्र उसको व्यक्तिगत अधिकार हुन्छ । शेषपछि परम्परागत अधिकाको कुरो आउँदैन ।

समाजवादी देश र राज्यमा धन अथवा राजस्व जम्मा गर्नु सरकारको दायित्व र कार्य हो । सरकारले राजस्व जम्मा गर्ने देश र जनताको रक्षा र समृद्धिको लागि हो । तर भिक्षुसंघमा धेरै धनसंग्रह गर्नलाई अनुमति दिइएको छैन । किनकि पछि गएर व्यक्तिगत अधिकारको कुरा उठ्ने सम्भावना छ । तृष्णा उत्पन्न हुनसक्छ । वैराग्य चिन्तन लिएर घरत्यागी आएका प्रव्रजित भिक्षुहरूलाई धनको त्यति आवश्यक छैन । तैपनि भिक्षुजीवनका लागि चतुप्रत्यय, चीवर=लत्ताकपडा, पिण्डपात्र=खाना, सयनासन=वासस्थान, गिलानप्रत्यय=औषधोपचारको व्यवस्था हुनु अनिवार्य छ । यी आवश्यक वस्तु सम्पादन गर्नुपर्ने पैसाबाटै हो । विहार निर्माण र




संरक्षणको लागि धन नभै नहुने भयो । धनले गर्दा भिक्षुत्वमा दूषित वातावरणको प्रभाव नपरोस् भन्ने अभिलाषाले बुद्धले सांघिक व्यवस्थाको निर्देशन दिनुभएको हो । सामूहिकको भएको खण्डमा धनको सदुपयोग हुनसक्छ र भिक्षुजीवनलाई तृष्णाले शोषण गर्न नपाउने हुनेभयो ।

सांघिक (सामूहिक) प्रथाले गर्दा कुनैपनि भिक्षुले व्यक्तिगत धनसंचय गर्नलाई रोक लगाइएको छ । तैपनि बुद्धशासनको लागि दान आएको धन सांघिक (सामूहिक) प्रयोगको लागि आएको ठान्नुपर्छ र संघको लागि आएको दान ठानी भिक्षुसंघका सदस्यहरूको लागि र बुद्धशासन चिरस्थायीको लागि ठानी संरक्षण गर्नु सबै भिक्षुहरुको दायित्व र कर्तव्य हो । यसो हुँदाखेरी तृष्णाको सम्भावना कम हुन्छ । अनि व्यक्तिगत भावनाको ठाउँमा सामूहिक भावना उत्पन्न हुनेछ । सांघिक वस्तुको संरक्षण श्रद्धा गौरवभावले गर्नुपर्छ न कि स्वार्थ भावना राखी । आफ्नो सुखसुविधाको लागि होइन संघको सुखसुविधा र संरक्षणको लागि हो ।

तर आजभोलि उपर्युक्त सांघिक नियम विनयपुस्तकमा मात्र सीमित देखिन्छ । विहार विहारमा अक्षयकोष स्थापना गर्ने चलनचल्ति भइरहेको छ, त्यस्तो गर्नु वातावरणले बाध्य तुल्याएको छ । विहार विहारमा चतुप्रत्यय व्यवस्थाको अभाव छ । व्यक्तिगत रुपमा दानप्रदान दिने चलनचल्ति बढी देखिन्छ । सांघिकदान दिए पनि व्यक्तिगत हुनपुग्छ । श्रीलंकामा राजाहरुले भिक्षुसंघको संरक्षण र बुद्धशासन चिरस्थायी होस् भनी भिक्षुसंघलाई हजारौं रोपनी जग्गा प्रदान गरेका थिए । अंग्रेज सरकारले विहारमा बस्ने भिक्षुको व्यक्तिगत अधिकार र परम्परागत अधिकार भएको नियम बनाई दिएर सांघिक प्रथाको अस्तित्वनै मेटाइदिए । शिष्यपरम्पराको अधिकार भएको नियम कायम गरिदिए ।

*(साभार- भिक्षु अश्वघोषका छानिएका रचनाहरूबाट)*

◆

# कपिलवस्तुका बुद्धकालीन थेरहरू

✍ भिक्षु सुदर्शन


भिक्षु सुदर्शन

कपिलवस्तु (वर्तमान तिलौराकोट, तौलिहवा जिल्ला लुम्बिनी अञ्चल, नेपाल) सिद्धार्थ गौतमको शैशव जीवन र २६ वर्षसम्मको युवा जीवन व्यतित भएको ठाउँ हो । शाक्यमुनि बुद्धप्रतिको श्रद्धाबाट कपिलवस्तु ऐतिहासिक र पावन भए जस्तै कपिलवस्तुका अनेकन थेर-थेरीहरूबाट यो ठूलो महत्त्वपूर्ण स्थल बनेको छ ।

कपिलवस्तुका थेरहरूमा (भिक्षुहरूमा) अग्रणी भूमिका कौण्डिन्यले लिएको छ भने कौण्डिन्य नै बुद्धको पहिलो त्यो श्रावक हो, जसले बुद्धको धर्मलाई सर्वप्रथम अवबोध गरे । सिद्धार्थ जन्मेको पाँचौ दिनमा नामाकरणका लागि १०८ ब्राम्हणहरूलाई निम्त्याइएका थिए । तिनीहरूमध्येमा विशिष्ट ज्योतिषाचार्यको रूपमा राम, ध्वज, लक्ष्मण, मन्ती, कौण्डिन्य, भोज, सुयाम र सुदन्तलाई राजप्रसादमाथि लगेर नामाकरण गर्न लगाइएको थियो । ती ब्राम्हणहरूमध्ये ७ जनाले दुईवटा औंला ठाडो पारी सिद्धार्थ गृहस्थीमा बसे चक्रवर्ती राजा र गृहत्यागी भएमा बुद्ध हुने कुरा ब्याख्या गरे । तर तीमध्ये उमेरमा सबभन्दा कान्छो कौण्डिन्यले भने एउटा मात्र औंला ठाडो पारी सिद्धार्थले गृहत्याग गरेर बुद्ध नै हुने छन् भनी भविष्यवाणी गरेको थियो । साथै सिद्धार्थ प्रव्रजित भएपछि आफू पनि प्रव्रजित हुने दुढ निश्चय गरी समयको प्रतिक्षामा बसेको थियो । जब सिद्धार्थले गृहत्याग गरेर उरुवेल वनमा बस्नु भएको छ भनी खबर सुन्यो राम र ध्वज आदि मरिसकेको भएता पनि ती ब्राम्हणहरूका घरघरमा गएर उनका छोराहरूलाई सिद्धार्थको अनुशरण गरेर प्रव्रजित हुन आउन आग्रह गऱ्यो । यदि सिद्धार्थले गृहत्याग गरे तिमीहरू पनि पछि लाग्नु । आफ्ना बुबाहरूले भनेर गएका कुराको आदर गर्दै र कौण्डिन्यको आह्वानलाई स्वीकार गर्दै भद्दिय आदि चार ब्राम्हण पुत्रहरू प्रव्रजित

भए । यसरी कौण्डिन्य, भद्दिय, वप्प, महानाम र अश्वजीत प्रव्रजित भएर बोधिसत्व सिद्धार्थको खोज गर्दै उरुवेल वनमा आइपुगे । तिनीहरूले बोधिसत्व बस्ने ठाउँमा बढार्ने, मुख धुनको लागि पानी र दतिवन ल्याइदिने आदि सेवा शुश्रूषा गरे । परन्तु जब बोधिसत्वबाट शारीरिक पीडा दिने दुष्कर तपस्या त्यागेर स्थूल आहार ग्रहण गर्नुभयो ती पञ्चवर्गीय तपस्वीहरू निराश भई बोधिसत्व तपस्याबाट भ्रष्ट भए भनी ठानी उहाँलाई छाडेर बाराणसीतिर लागे । परन्तु तिनीहरू अलग्गीएर गएको महिना दिन नबित्दै बैसाख पूर्णिमाको दिन बोधिसत्व बुद्ध भए । बुद्धत्व प्राप्तिको दुई महिनापछि असार पूर्णिमाको साँझतिर बुद्धले कौण्डिन्य सहित ती पञ्चवर्गीय भिक्षुहरूलाई बाराणसी ऋषिपतन मृगदावनमा भेट्नु भयो । पूर्व दिशाबाट असार पूर्णिमाको चन्द्रोदय भइरहेको समयमा बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभयो । रात्रीको पहिलो घाममा कौण्डिन्यले बुद्धको धर्मलाई अवबोध गरे । प्रव्रज्या र उपसम्पदा पनि पाए । बुद्धको त्यस उपदेशको क्रमको अन्त्यतिर कौण्डिन्यले "जे जति समुदय धर्म (स्वभाव) छन् र ती सबै निरोध धर्म हुन्" भन्ने आफनो अवधारणा अभिव्यक्त गर्नु वितिक्कै बुद्धले "आहा ! कौण्डिन्यले बुझे कौण्डिन्यलाई ज्ञात गरे" भन्ने उद्गार प्रकट गर्नुभयो । त्यसैकारण कौण्डिन्यलाई ज्ञात कौण्डिन्य (अञ्ञा कोण्डञ्ञो) नामबाट पनि चिनिन्छ ।

त्यसपछि वप्प र भद्दियले अनि महानाम र अश्वजीतले समुदय धर्मको निरोध धर्मलाई साक्षात्कार गरे । तिनीहरू पनि उपसम्पन्न भए । यसरी बुद्धको धर्मोपदेश सुन्ने, बुझ्ने र अर्हत्व प्राप्त गर्ने पाँचैजना कपिलवस्तुका भिक्षुहरू थिए । ज्ञात कौण्डिन्यले आफना जन्मभूमि कपिलवस्तुको आफनो द्रोण ब्राह्मण गाउँमा आइकन आफनी बहिनीको छोरा पूर्णलाई पनि प्रव्रजित हुन प्रेरणा दिए । त्यसपछि कौण्डिन्य केरा, कटहर, आँप र जामुनका रुख र मन्दाकिनी पोखरी भएको वनमा १२ वर्षसम्म एकान्तबास गरेरै निर्वाण भए ।

यसरी कपिलवस्तुका शाक्यमुनि बुद्धबाट कपिलवस्तुकै पाँचवटा ब्राह्मण भिक्षुहरूको धर्मबोध र प्रव्रज्या पछि बुद्ध, धर्म र संघको व्युत्पतिसँग कपिलवस्तुको महत्त्व रहन गएको छ । यति मात्र होइन बुद्ध धर्ममा पहिलो भिक्षुणी हुने जो पछि थेरी भइन् पनि सिद्धार्थ गौतमको पालन पोषण गर्ने उनको आमा महाप्रजापति गौतमी थिइन् । बुद्ध धर्ममा भिक्षु हुन जीवनमा पहिलो प्रवेश चरणको अभ्यास जीवन जस्तो श्रामणेर बन्ने राहुल पनि स्वयम् सिद्धार्थ गौतमको छोरो थियो ।

यस्तै नै कपिलवस्तुका गौरवगाथा कपिलवस्तु कै हजारौं हजार थेर-थेरीहरूका जीवनगाथाबाट प्रतिध्वनित छ । एकताका कपिलवस्तुमा पनि यस्तो समय आएको थियो जुन घरबाट यदि कोही एक व्यक्ति भिक्षु भएन भने त्यो घर छिमेकी घरको लागि अप्रतिष्ठाको विषय बन्दथ्यो ।

दशौं हजार कपिलवस्तुका निवासीहरू बुद्धको समयमा नै भिक्षु भएको कथात्मक वर्णन पालि साहित्यमा उपलब्ध छ । तर ती भिक्षुहरू मध्येमा महत्त्वपूर्ण चरित्रात्मक थेरहरू हामी थेरगाथामा पढ्छौं । पुञ्ज भन्ने स्थविर बुद्धको उपदेश व्याख्यान गर्नमा सबै भिक्षुहरूभन्दा अग्रगामी छ । बुद्धको

जीवन अवस्थामा यो अग्रगामीत्व पाउनु साधारण कुरा होइन । पुञ्ज स्थविर भनिरहनु हुन्छ “देख्नै नसक्ने गम्भीर सम्पन्न रूपमा महान अर्थयुक्त बुद्धको उपदेशलाई मैले हृदयंगम गरी अभिव्यक्ति गर्दछु ।”

ब्राह्मण कुलीन वनवच्छ स्थविर राम्रो, शीतल सफा दहमा निर्वाण प्रतिविम्ब गर्दै भन्नु हुने उदान साह्रै आकर्षक छ । वनवच्छ स्थविरकै भानिज शिवक स्थविर लेटेरै बस्नुपरेता पनि बनमा बस्न मनपराउनु हुन्छ । शाक्य कुमार नन्द भन्नु हुन्छ, क्षीणास्रव माथि आक्रमन गर्नु मारले आफै आफूलाई दु:ख दिइरहनु मात्र हो । सिद्धार्थलाई कपिलवस्तुमा रोक्न नसके जस्तै अर्को एक शाक्य राजकुमार लोशकलाई कति प्रयत्न गरेर पनि रोक्न सकेन । मैघिय स्थविर भन्नु हुन्छ, निर्वाण लाभ नै (दु:खबाट मुक्त हुनु नै) अन्तत: बुद्धशासन पूरा गर्नु हो ।

सिद्धार्थको साथी छन्द पछि बुद्धको शिष्य भए तर उसमा राजकुमारसँगको सन्निकताको ठूलो अभिमान थियो । उसको अभिमान हो “मैले नै सिद्धार्थलाई रोगी, वृद्ध आदि चार निमित्त कारण देखाएँ । मैले नै कन्थकका साथ सिद्धार्थलाई राजपाट त्यागनमा मद्दत पुऱ्याएँ । यस अहं भावबाट उनले बुद्ध जीवित रहुन्जेलसम्म निर्वाण प्राप्त गर्न सकेन । बुद्धले परिनिर्वाणको बेला उसलाई ब्रम्हदण्ड दिनुभयो । ब्रम्हदण्डको अर्थ भिक्षुसंघबाट व्यवहारमा उपेक्षा गराउनु हो । बुद्धको निर्वाणपछि एक त उसको अभिमानको सहारा रहेन अर्को भिक्षुसंघबाट उपेक्षित व्यवहार सहनु पऱ्यो । त्यसपछि मनको अहंलाई त्यागेर धर्मको यथार्थ चिन्तन मननमा ध्यान दिन थाल्यो र फलस्वरुप उसले निर्वाण पदको साक्षात्कार पनि गऱ्यो । यही आफ्नो जीवन गाथा र आफ्नो श्रुति आफ्नो निर्वाणको उपलब्धि उदानमा अत्यन्त सजीव रूपमा अभिव्यक्त गरेको छ ।

शाक्यकुलबाट प्रव्रजित नागित स्थविरको चुनौति छ, अन्याय मतले देखाउने मुक्ति अष्टाङ्ग मार्गको मुक्ति जस्तो छैन । एकशय प्रकारको सूप व्यञ्जनसँग भोजन गर्ने शाक्य राजकुमार परिपुञ्जक स्थविर भन्नु हुन्छ अमृतरस नै श्रेष्ठ रस हो ।

स्रोत तृष्णा कति डरलाग्दो हुन्छ तर यसलाई देख्नसकेको खण्डमा मुक्ति पाउनको लागि प्रेरणा दिन्छ भन्ने कुरा उलिय स्थविरको चरित्रबाट स्पष्ट हुन्छ ।

महाप्रजापति गौतमी पुत्र नन्दप्रति भगवान् बुद्धले जुन त्याग जीवनको प्रयोग आदर्श देखाउनु भयो, त्यो राग र विराग, त्यो सांसारिक सुखभोग र मुक्तिको तुलनात्मक काव्य लेख्नेहरूका लागि, कथा लेख्नेहरूका लागि आकर्षक विषय वस्तु भएको छ ।

सोण स्थविर भद्दिय युवराज प्रव्रजित हुनेवित्तिकै आफू मात्र किन घरमा बस्ने भनेर निस्कियो । उ भद्दिय राजकुमारको सेनापति थियो । भिक्षु भैसकेपछि निर्वाण पनि लाभ गऱ्यो र उनको उद्गार हो “पराजित भएर बाँच्नुभन्दा संग्राम भूमिमा मरेर जानु जाति छ ।” प्रव्रजित भैसके तापनि हरियो रंगको चीवर वस्त्र लाएर हात्ती चढी भिक्षा माग्न जाने (स्वप्न देख्ने) उसभ स्थविरको जीवनी कम विवेचनीय र विश्लेषनीय छैन । यसबाट स्पष्ट हुन्छ बुद्धको शासनमा त्यसबेला कपिलवस्तुवासीहरू

कसरी प्रवेश गरे । सबैको घरबाट एक न एक भिक्षु हुनुपर्ने प्रतिस्थाको विषय भए अन्यथा हरियो रङ्गको चीवर लाएर हात्ती चढी किन भिक्षा माग्न जानु ? शाक्यकुलको नाउँ उपालि बुद्ध शासनमा विनयधर भिक्षुहरूमा सर्वश्रेष्ठ छ ।

गौतम स्थविरले निर्वाण लाभपछि आफ्नो अनुभव आफ्ना आफन्तलाई सुनाउँदै भन्नुहुन्छ "स्मृतिवानले नै शान्ति लाभ गर्न सक्छ ।" नागसमाल स्थविर बाटोमा नाचिरहेकी आइमाई देख्ने बित्तिकै त्यसैलाई सामुन्ने राखेर अनित्य भावना गर्नुभयो र मुक्ति साक्षात्कार गर्नुभयो । भगु स्थविर निद्रा आयो कि चंक्रमण गर्दथ्यो । तर, एकदिन चंक्रमण गर्दा गर्दै नै निदाएर लड्यो । यसैबाट उसलाई एउटा ठूलो संवेग उत्पन्न भयो । यसै संवेगमा उद्योगी भई साधनामा लागेर निर्वाणलाभी भए ।

राजा शुद्धोदनका पुरोहित पुत्र सप्पदास स्थविरले जति प्रयत्न गरे तापनि आफूलाई संयमित गर्न नसकेर काम वितर्कमाथि विजय पाउन नसकेर आत्महत्या गर्न लागेको थियो । तर त्यसबेला वास्तविक कुरो बुझ्यो र कृत्यकृत्य मुक्त भयो । कालुदायी सिद्धार्थ जन्मेको दिन जन्मेको र सिद्धार्थकै साथी थियो । सिद्धार्थ बुद्ध भइसकेपछि बुद्धलाई कपिलवस्तु निम्त्याउने स्थविर पनि उही नै थियो ।

उदायी स्थविरको बुद्धलाई नागको रूपमा रूपकमय भाषामा स्मरण गर्ने उदानहरू पढ्दा हाम्रो मनलाई आनन्दविभोर तुल्याउँछ । शाक्य राजा भद्दिय स्थविर भईसकेपछि अहा कति दुःख अहा कस्तो सुख भनी एकान्तमा शान्त स्थानमा बसी भनिरहन्थ्यो । यो सुनेर माथिल्लो तहबाट विचार गर्ने भिक्षुहरूले भन्नथाले "भद्दिय स्थविर भिक्षु भइसके तापनि राजदरबारको सुख सम्झना गर्दैछ । जुन कि वास्तवमा भद्दियले मुक्ति सुखलाई अहा कस्तो सुख भनिरहेको थियो, सुखविलासको सुखलाई होइन ।"

"छैन" भनेको शब्द नै थाहा नहुने नसुन्ने अनुरुद्ध भन्ने शाक्यकुलबाट प्रव्रजित हुने व्यक्ति अन्ततः बुद्ध धर्ममा क्षीणास्रव भए ।

आनन्द स्थविर अमृतोदन शाक्यको छोरो हो । अर्को शब्दमा सिद्धार्थ गौतमको काकाको छोरो हो । भिक्षु भैसकेपछि २० वर्षसम्मको (बुद्धको ६० ? वर्षको उमेरदेखि ८० वर्षमा महापरिनिर्वाण नभएसम्मको) अनवरत सेवा गर्ने भिक्षु थियो । आनन्द स्थविर धर्म भण्डागारिका थियो । उहाँ सबै भिक्षुहरूभन्दा श्रेष्ठ बहुश्रूत गस्तिमान, स्मृतिमान, धृतिमान र बुद्धिमान थियो ।

कपिलवस्तुबाट यसरी थुप्रै युवा-युवतीहरू बुद्धशासनमा प्रव्रजित भएका थिए । सिद्धार्थ गौतमका पितृकुल र मातृकुलका मानिसहरू रोहिणी नदीको पानीको विवादमा झण्डै काटमारमा उत्तेजित उन्मत्त हुन लागेको बेला "बाँच र बाँच्न देऊ" उपदेश दिएर सम्झौता गराउँदा प्रभावित भई प्रव्रजित भएका अभयपक्षका युवकहरू मात्रै पाँचशय थिए । यसरी कपिलवस्तुबाट बुद्ध भए, बुद्ध धर्मको उद्घोषण पनि सर्वप्रथम कपिलवस्तुबाट प्रव्रजित भएका पञ्चवर्गीयको सामु भए र बुद्ध शासनको सुसंगठनका लागि हजारौं सङ्घ सदस्य थेर-थेरीहरू पनि कपिलवस्तुबाट दिए ।

◆

# इही

✍ चित्तधर हृदय

"विप्रवर ! जिमि योम्ह जुजुया
कुल-उभ्राने हव:गु फरफर
स्वां छफो सद्गुण-सुगन्धं
शान्त, शील स्वभाव सुन्दर !
थ्वैत रानीं स्नेह-सरिता
अञ्चलं हायकल निरन्तर
गुलि ब्वलंक्यत धाय् सुनां फै
मामया थुगु अश्रु धरधर !
शाक्यकुलया गथु वया: थन
थ्वैत स्व:वल गुलि बराबर,
धाइ गबलें 'हवयी खना: भ्रं
शाक्यकुलया वंश-दिनकर।
स्वां मथ्व:सा भ्वा: जुया: वनि
हायकुसां वात्सल्य-निर्भर
प्रेम-जल दुगु योग्यपात्रे
लाय्व निदुगं ज्वी मनोहर !'
ख: खना: थ्व खँ हृदय-उदधी
विरह बडवानल भयङ्कर
सुत्तु स्वीका: दान याय् धुन
ज्वीगु स्थिर भा:पा: युगान्तर" (जाति १४ मात्रा)

थुलि धया: उम्ह सुमुक च्वन्यवं न्ह्यचिल शाक्यपुरोहित, वैत लिधंसा बीत थे भुंवल छचालं शाक्यत। पञ्चबाजं आदि वाद्यत था:गु भति दूरे वना: तायदु ब्यांचलि पूगु सो खाहा:गु स: लिस्य मा:हना:। हिति व तुंथी नं मिसातय् कल्लि लिस्य कलकण्ठ नं। तायदु छिलिछिलि न्या:गु कंकण त्वांक घ: घी ल्वा:गु नं। वन गुलिं नवयुवकपिनि न्हायपं लिना: उख्य नेत्र नं, लोक सकलें न्हीक इतिइति थुख्यर ल्वेक खँ ल्हात वं -

"कपिलवस्तु थ्व नांगु उभ्रानस
छम्ह दु षद्पद् उत्तम वंशस,
फरर ब्व: गुम्हस्या यशया पपू
बल पराक्रम वर्णन याय् मफु।
मलय मारुत थें गुलि चा:हिल,
थन मनोहर स्वां दुगु वं सिल,
मस्यु वया हृदयं थुल थें छुखँ !
खन्यदु थ: छम्ह वैत हथाय् जुल।
अल्य नरेन्द्रसुता थन फ्वं वया
छिकिपिसं बिल दान दया तया:
जिमिगु राजकुले थुम्ह म्ह्याय्मचा
च्वनि जुया: सुख पूर्बक भौमचा।
मजिल विप्र ! मछिंक्य नुग: थथ्य
'च्वन्यगु नाप वियोग मजू तल्य'
बरु बिज्याहुँ नि शीघ्र लिफ: स्वया:
जुल जिपिं विजयी व्यवहारया।" (द्रुतविलम्बित)

ब्राम्हणं थ्वखँ ल्हाय् सि धयवं हास्य धारा बा: वल

"त्यात भी याकन नु" धाधां फुक लसोमित न्ह्या: वल: । ख्वे मछिंक नुग: मछिंपिं दण्डपाणीया दलं लाय्कुली ल्याहाँ वन्यत दूयात पुलुक छको स्वल । गीत लिस्य लिस्य वाद्य थाथां न्ह्या:गु उगु नर मण्डली मार्ग हे नं नृत्य यायां न्ह्या:गु थें बांला: गुलि ! अन स्वया: च्वंपि मिसातय् शब्द भ्याल्लं व:गुलिं युवकपिनि चञ्चल मिखाकुं ब्वेकु ब्वेकुं लाय्कुली ध्यन्यव दूक्वमिसातस्यं दूद:सिँचो निं दिव्य बिल, अल्य दुलिं ह्याउँक अल: दुगु पालि रवि थें पितहल । भिलिक खन्यदत तासया घंगलि निभाज: व:गु थें, तुतिबकी लिस्य घंगला स: व:गु भंग: हा:गु थें । त्वीक दूद:सीं चिना: तैत:गु काप:चो ज्वना: क्वच्छुना: छम्ह सम्हिलुया म्हे मेगु ल्हातं घय् पुना: सुरुक अनुपम सुन्दरी गोपा दुलिं प्याहाँ वल, युचुक बँथिला: द्योन्य लाया: त:गु माल्हाय् तुति तल ।

लूगु बैं बैं तासया गा भति थँसाला: ब्यूगुलिं लुसित नगु थें थीगु पचिने च्वंगु प्याखंअंगुलिं पिलिक नगु सतिवंगु खन्यदत ल्हा: निपां हे खन्य दया:, मी दुना: घा: पा: नया: तप या:गु फल सो सो चुल्यां, बाहि, कल्या नाप यइ पुगु पुष्ट नाडी स्पर्शया दिव्य सुख वं यात अनुभव दाह मेवं यक्व या ! खवगु ब्वहलं न्हयोन्य क्वाहाँ व:गु सुन्दर सतफलि सम्हिलु छम्हस्यां 'थयक' यंका: ल्यूँन्य तैबिल जंघुली । जे चिना: काञ्ची कनकया, चन्द्रहार सुता लुँया, जन्त्र भिंपू, तीख, लुँसिख:, मोतिमा: रुद्रक्षया द्योन्यसं तायो क्वखाया: नागपाचे मन दिका: त:गुलिं गुलि चाकला: सो चन्द्रमा थें वैगु ख्वा: । खन्यदु दूरं स्वेबले ताहाँ:सिन्ह: शशि-चिन्ह थें- स्निग्घ कुञ्चित केश रासी श्यामसुन्दर मेघ थें । वैगु विधुमुखया छ्चालं चन्द्रमंडल थें तिसा, थीगु सो भुप्पा व तक्का, रत्न शिरबन्दी, लुँस्वां । मोतिचा:चाय् च्वंगु दुरुबच्चा व न्यापुसिख: सना: न्हूगु भावं मदिक कम्पित जूगु हृद गति च्वन कना: । नेत्र खन्य मदु छुं मछाला: क्वच्छुना: क्वकना: वया कल्पना जक ज्वीफु न्हां हाकुगु अज:या चिं द्या: ।

रुपया छुखँ विश्वया रमणीयता फुकु अन दना: च्वंगु थें च्वं ब्याक्क दर्शकपिनिगु द्बष्टि मुना: मुना: । थ:त थमनं लोमना: वन मूर्ति थें जुल निश्चल, वैत जक अमिसं मिखा लिमकास्य स्वैच्वन केबल । दिक्ल क्वबुया: ह:गु लुँ वह:, ली, सिज:या गुलि क्वस: ! ताँफ, घ:चा, धँ:प, त्यप, नील:लुता, देमा, क्वत:, लंपिचा, धाला, क्वत:सुंम्हल्य, च्वलामू, बांदलू फौंसि, जासि, धव:चतं, बाता, ख्वला, थापिं व भु, त्वाद्यवा, न्हाय्कं, सिन्ह:मू, कौँख्वला व चिकंख्वला, अन्ति, न्हाय्कं जाय्क दुगु बापा, सिँया संघू, पिला, भिंगु भिंपूया गणेद्यो दुगु सुकुंदा, बाँसुखू स्वर्णयागु थकूपिचाय् दुन्य सो लुँया चिखि दुगु थकू । रत्नया ह्येकू, वह: माय्का, लुँ न्हाय्पंफो, यचू, द्यो किया: बांला:गु दंया यं व नतुली जा: कतू । पञ्चरङ्ग ककाय् हिना:तल सो वह:या फँगुली कनकया तीमाय् वह:तोका तडित् थें थी गुलि । सिपि थुना: क्येको न्यकूया, दुगुकपी द्याहा लुँया, सा व म्येया नाप नापं हल च्वलेचा पाजुया । मोतिमा: वां न्या:म्ह भत्तु जुका: नयाँक्वीं या च्वकाय्, उख्यर खन्यमदु छु जक दनि थें, मेगु देमाय् मुलुसुका ।

मुलुखाय् ज:ख: दुवाल्या: कलश धंका: तल निख्यं, ल्वीं किया:तल द्यो लुखाय् च्वे चाचिने च्वैत:गु थें ।

रङ्ग मा:थाय् ऊँ ल्वया: तल रङ्ग रङ्गगु रत्नत
धंन्य गुलि बांला:गु सो पुंनं मज्वी मखु मोहित ।
उगु लुखां प्याहाँ वया: च्वन निम्ह नकिं ज:ख: तया:
गौतमी मुसु मुसु न्हिला: अन ल्वेक ह्याउँगु गां न्यया: ।
खवगु ल्हातं जाय्क ह्याउँ थ्वँ दुगु ज्वना: बाता लुँया
तिंगलाती नाप तिकल सिन्ह: उकी दुगु ध्यो कया: ।
ह्याउँ थ्वं तुति सिकल वं बातां लुना: भति क्वच्छुना:,
निम्ह नकिनं वैत जोक्वतलं सगं बिल फं लुना: ।
छम्ह नकिं ल:धा: थया: वन, मेम्हस्यां ता:चा बिल,
वैत मङ्गल गीत प्वीका: मूलुखां दुत यंकल ।
दुन्य चुकेसं भिंगु जिगिजिगि च्वंगु मोतिइलां प्यना:
न्यंक छाय्पा: त:गु सुन्दर यज्ञशालाय् दुत यना:
त्वीक गुजिलं नाप तिनिखाया अज:खा लं फिना:
कटिस थतिक्वथि सोथना: चुपि, बत्तु दुगु जनिखं चिना:
मोति, पन्जा ज्वा: न्हक्वी निख्य दुगु ब्यताली जरि हिना:
रत्नहार गले क्वखाया: कुंकुमं सिन्हलं तिना:
त:म्ह उम्ह युवराज नापं फेत्तुकल व यशोधरा ।
प्रेम-सरिता छख्य तया: लज्जा-नदी निं बा: वया:

स्वे मछा: थिथिख्वाल अयसाँ सावधान सुपाय् गुना:
प्रेम रविया किरण ज्वल भति अमि मिखाया कुं सना: ।
शाक्यसुतया जवगु ल्हाती भौमचाया खवगु ल्हा:
स्वे निग: नापं तया: ल:ल्हात लम्हि मुसुमुसु न्हिला: ।
अमिगु हृदये जूगु स्पंदन कम्पने परिणत जुल,
"प्रेम ज्वीमा स्थिर सदानं" धा:गु थें मङ्गल पुल ।
खन्यदु गौतमया जवे सुन्दर किशोर मचा छम्ह,
शाक्यकुलया पुलिब्व नैम्ह भिनामचा ज्वीमा: उम्ह ।
शाक्यकुलमणिया जवेसं च्वंगु मणिमय लुचुदलू
अमिगु मनया भावना थें च्या:गु सो सो पुलुपुलु ।
माक्व द्योद्योपिन्त निं स्वे नां कया: ब्वति तय् कल,
दक्व मध्ये चिकि धिक:म्ह मचा ल्यया: स्वे काय् कल ।
काल स्वे अल्य माजु, बाजु ककाजु व किजाभतपिसं,
मान्यपिन्त पुतू तया: बीकल स्वया: ध्याकं लम्हिं ।
धौ सगं नं बिल प्रथम जोक्वतलं वस: जुछि जुछि तया:,
गो सगं बिल लुना: सलिखे थ्वँ जायक तना: तना: ।
गा व कय्ता थ:म्ह भिंचायात, लंगा पर्सि नं
म्हयाय्मचाया हेतु दुगु बिल जा:गु पाजुकुया सगं ।
दिकल न्हापां अमिगु न्होन्य छगू स्वखो दुगु मस हया:
द्योन्य तयहल विविध खाद्यं जा:गु थाय् भु छपा: लुँया ।

त्वीक फच्छि तया: तिकिंबजि न्ह्योन्य ओ सूओ ब्वया:
ल्यूँ न्य पंगुलु, अष्टमंङ्गल चिन्ह खय्पी तल किया: ।
ख्यैं व न्या लागो व लापी मेगु तातू गुलि गुलि ।
मथ व जोपस्था, सवै म्येछ्यों, चतामह्रि, सतफलि,
क:निगुलि, हिंला व पंला, बय्सि, अबं: मल्यभता,
म्वाबिलिसिया, माय्बिलिसिया आदि घासा चय्प्यता
दुगु व थाय्भ्वी वायु न्यातां नांकया: अमि निम्हत्यपू
यात न्यापचिनं कया: न्याको चिपं निं थीकुगु
सो थ्वँ ह्याउँथ्वँ नाप अय्ला: जाय्क सलिखे बिल लुना:
अमित त्वंकल चिप परस्पर मा:गु मंत्र ब्वना: ब्वना: ।
थुलि सिधय्वं शाक्यपतिया फुक फुकी भ्रो छू वल,
मेगु बजि क्वा: आदि सकतां मा:गु लहिका: जू वल ।
धौ सिसाफलयागु ल्यू ल्यू अन्तिया अ:खुं क्यना:
गौतमी मुसुमुसु न्हिला: मूस:गु अय्ला: वल लुना: ।
शीघ्र पस्ता या:म्ह भ्री युवराजयात थना: हया:
सकसितं वं मह्रि लहिक्य बिल पाजुम्हं नामे कया: ।
ब्याक्क पाहाँ वन्यव ल्याहाँ साक्क स्वेकाय्भ्वे नया:
उखुनु वहनी ज्वीव गौतमया ममाजुपिसं वया:
भौमचा गोपा क्वथाय् दुन्य ध्वात्तु ध्वांध्वां दु त छ्वया:
पिन्य च्वना: खापा तिना: याकन सिख: नं बिल तया: ।

छु छु दु छुं खन्यमदु छुयाय् दुन्य त:गुलिं खापा तिना:
दुत छ्वया: सिद्धार्थ न्हापां त:गु दै किसली थना: ।
पिलिक क्वें प्वालं पिजो मतयागु ज: छुं भति भति,
छिलिक उख्य थुख्य जूगु तायदु वलय व नूपुरया गति ।
जू क्वथां पिन्य नं छ्वालं धूपया कुं सुरभित,
फय् मव: दैतिनि चिकं नं फ्वाक्क छाय् थें मत सित ।
उगु क्वथां पिन्यसं सम्हिलु व:पिं वस: जुछि जुछि क्या:
ग्यन "सुथे न्हापां थना: दिसँ मय्जुयात" धका धया: ।
दन कन्हय्खुनु ज्वीव गोपा सम्हिलु नापं चोंगु थें,
उख्यर तालाकल निछ्र्याभूयात ज्योनांया ज्वलं ।
थ: जवे थ: काय् तया: देपाय् तया: न्हू भौमचा
फेत्तुना: च्वना गौतमीं संका: लुं या: स्वांया कचा ।
प्रथम अमित सगं बिया: ज्योनां चिपं निं थीकल,
जायक ध्वँ लुना: माजु भौ निम्हस्या सली चिप हीकल ।
अल्य जुया: फुक मा:गु लहिका: धौ सिसाफल नं तया:
शाक्यपुत्रं मह्रि लहिक्य बिल वैत निं नुसिका: हया: ।
उखुनु सकलें नय् सिधय्का: थ:गु छ्यें ल्याहाँ वन,
भौमचा, गौतम निम्हं नापं छथाय् हे तुं ध्यन ।
दण्डपाणी हल कन्हय् खुनु फुक सँप्याक्य ज्वलं छ्वया:
ग्वा: सलांचुं, कौं चिकं बांपालु नं नापं तया: ।

चीनया बांला:गु लासाय् भौमचा तल फेत्तुका:
वैगु न्ह्योन्य कुमार गौतम तल थना: 'दन्यमा:' धका ।
प्रथम कलशलखं लुका: सो वैत हे मोल्हुक्य बिल,
अल्य लुँयागु ख्वलाय् क्या: वं कौं व चिकनं बुक्य बिल ।
वैत सिन्ह फाय्का: चुसापां, न्यंक थकुलिं छयंकल,
दं ककीचां छयन्य धुन्यव न्याग: सप: निं हिंकल ।
वैगु सपले तिल वह: व लुँया ककीचा मणि दुगु
थीगु रत्न थुना लुँभ्रुङ्गः ब्व:गु सुन्दर भतुनतू ।
पुष्पराग दया: नस्वा:गु चुलुगु सलांचुं बुकुबले
सूर्य सम सिद्धार्थया सुन्दर सुदृढ कर ला:बले
वैगु लज्जां रक्त रञ्जित उगु न्यता:या छवि स्वया:
न्यून खन्यदै कान्ति सुथया ह्व:गु पाटल पुष्पया ।
म्हुतुसि ग्वालं छिकल, वैगु मिखास अजलं उयकल,
तिकल ह्याउँसिन्ह: कपाले, छ्यौं ज्वना: च्वसिन्ह: तल ।
छ्य्य दिका: व लुँया सिन्ह:मू क्यन ज्वलान्हाय्कं ज्वना:
भौमचा भ्रं भ्रं मछाला: थीन वें छ्यौं क्वच्छुना: ।
शाक्यकुलमणिया रसिकपिं फुक मुना: बान्धब कका,
छ्य्य च्वना: धैच्वन हिस्याय् थें "थुख्यर सो धाय्मा:" धका ।
उख्यर सो इति इति न्हिला: हल सुन्दरी युवती-दल-
"म्हीग चिप नल, छु छु कन्हे ज्वी। थौ क्ला:या च्यो जुल"

मेगु भ्रुप्पा आदि रत्नाभरण तीकल गौतमं ।
मणि जंभी दुगु जें ब्यकुं च्याका: सिन्ह:मू थ:थमं
यन गणेद्योया गले निं न्यायक छिलिछिलि घंगला,
काय् सहित अल्य वन महीपति आदि सकलें वंजला ।
उखुनु बहनी ज्वीव ख्वास्व: वल क्वब्वीका: यक्व हे
रत्नभूषण, पाटवस्त्र, सिसाबुसा नं दक्व हे ।
स्वर्ण देमाय् न्ह्योन्य ब्वेहल, अल्य छगू अन जुल पस:,
वक्व थ:थिति इष्ट मित्रपिसं तिसा वा बिल वस: ।
मान पूर्वक अमित पाहाँ यात मह्रि अयला: तया:,
म्हाय्मचा गोपा ब्वना: वन फुक अपिं मूसी कया: ।
न्हू दुचाय्क्यत कपिलपुर-युवराज च्वेका: यन ब्वना:,
नाप नापं वन पुरोहित भिंगु कस्तूब्यौं ब्वना: ।
न्हू जिलाजं गौतमं ग्वे बिल छपा ल्हातं कया:,
जुजु व रानीयात बीकल तासयागु पुतू तया: ।
वैत नं ससले सगं बिल गा व कय्ता नं दुगु,
थाय्भु ब्वे हल चय्प्यता घासां छ्वालं जा: गुगु ।
वैगु नापं हे सगं बिल राजपुत्रीयात नं
थाय्भु ब्वे हल चय्प्यता घासां छ्वालं जा: गुगु ।

वैगु नापं हे सगं बिल राजपुत्रीयात नं
मेगु थायभु छपाः न्ह्य च्याकाः यक्व याकल भोजन ।
थःम्ह पत्नी लित ब्वनाः सिद्धार्थ नं ल्याहाँ वल,
किन्तु चच्छि तयाः लिलाधू अमि मयोसां यंकल ।

इन्दिरा सम पूर्ण लक्षण भौमचा गोपा खनाः
"पुत्र गौतमयात थ्वं तिनि प्रेम सूत्रं तै चिनाः"
धैगु आशं हर्षगदगद जूम्ह शुद्धोदन जुजु
थःगु राजसभां दनाः अवरोधया दुन्य वन छन्हु ।
धाल रानी गौतमीया ख्वाः स्वस्वं मुसुमुसु न्हिलाः -
"भौमचा थःछेँय मज्यूतय् न्हूम्ह तिनिसां ला बला,
न्याय्क्य ससुपूजा कन्हे हे छ्वेगू सो थौं सःतक्य"
अल्य वयाः पिन्य कर्मचारीपिन्त ब्वां छ्वत उख्य थुख्य ।
राजभवने दुन्य उभाने सकभनं हे छाय्पल,
ताय् व स्वांमाः न्यंक खायाः ध्वाँय् पताका ब्वेकल ।
कपिलपुर वासी प्रजा पाहाँ छ्यँखां छम्ह सःतल,
शाक्य नरपतिया फुकीपिं भोछि भोछिं हे वल ।
जुल महोत्सव भ्वे नयाः अयलाः त्वनाः प्याखं हुयाः,
ताः बभू व मृदंग थानाः, वंशि गुलिस्यानं पुयाः ।
राग पञ्चम गीत हाहां सन अभीरं ईक्यत,
छख्यर आताहाँ च्वनाः च्वन शाक्यपतिया प्रिय सुत ।
भ्वे सिधय्काः वन्यव ल्याहाँ फुक निमंत्रित व्यक्तित
दिव्य सुन्दर अति मनोहर वैगु नितिं निर्मित
मृदु लताया कुञ्ज कुटिरे कूक कोकिल कूजित,
विविध वृक्षत दुगु छचालं हवःगु सुमन सुशोभित,

नृत्य संगीते प्रवीणा समवयस्कापिं दुगु,
खन्यव हे भी चित्त चञ्चल ज्वीगु चित्रं पूर्णगु,
चीनया लासात लायाः तःगु भिंगु इलां प्यनाः
रत्न किंकिणिजाल, काशीयागु झ्याःकापः सनाः
च्वंगु, फरफर वायु न्ह्यानाः फुक लुँ झ्याले मणि थुनाः
तःगु, खः गुगुया 'प्रमोद भवन' धका थुगु नां छुनाः ।
उगु विशाल विलास-भवने काय् व भौ निम्ह दुत छ्वयाः ।
गौतमी रानी व दासीपिंत नं ल्यूल्यू तयाः
वन नृपति नं थःगु सदने विपुलसुख साधन दुथाय्
उख्यर सन्ध्या नाप वं थें सूर्य अस्ताचल-क्वथाय् ।
थुख्यर भी युवराज गौतमयात नं नवयौवना
मिस्तस्यं हिसिदय्क स्वागत यात नृत्य कला क्यनाः ।
राग श्रीया नाप ह्वंकाः रागिनी मधुमाधवी
अमित याकाः प्रीति, रति, श्रृङ्गार रसया क्यन छवि ।
खन्यदु ल्हाःया विविध मुद्रा, भावभङ्गी ख्वालया
प्रीय मिलनया सुख खनाः अन वेमछाः दुख वेद्ना ।
थिकुक तुतिपाः काःगुलिं अमि घंगलाया छिलिछिलि
सःवयाः उगु नाट्यगृह हे न्ह्यूगु थें च्वं इति इति ।
थुगु प्रकारं हासपरिहासे म्हिताः प्याखं स्वस्वं
प्रियतमाया हृदय-शैलं वःगु गंगाया लखं

मोल्हुयाः मनया कपट छल आदि कल्मष फुक सिलाः
स्वर्ग सुख उपभोग यानाः योम्ह नाप न्हिलाः न्हिलाः
च्वन हनाः दाम्पत्य जीवन प्रणयसूत्रे दिन दिन
अन च्वनाः गोपाविलासी थःत यानाः अर्पण ।
सुगत-सौरभ महाकाव्यया इही नामगु
न्हय्गूगु सर्ग सिधल ।
ने.सं. १०६३ साल कछला ।

◆

# चीन
# बिज्याम्ह न्हापांम्ह नेपामि

✍ स्वयम्भूलाल श्रेष्ठ

थौं चीन वनेत छुं थाकुगु खँ मखय् धुंकल । भी नेपामित आपालं चीन चाहिला वये धुंकूपिं दु । जित नं, उत्तर कोरिया वनाबले चीनया राजधानी पेकिङ छुं दिन च्वनेगु व अनया विभिन्न दर्शनीय थाय् स्वयेगु सौभाग्य दत । चीने चाहिला च्वनाबले छक जिगु मती वल, चीने दकसिबे ह्नापां सु नेपामि वल जुइ धका ।

ह्नापा ह्नापा चीन धैगु सापहे तापागु देश खः । अन वनेत दँ दँ बी । सँदे चीनं कासेंलि आ वया लागा भीगु दे लिसे स्वाये धुंकल । भी जलाखला दे दखिणपाखे भारत सा उत्तरपाखे चीन जुइधुंकल ।

खजा नेपा व चीनया सम्बन्ध मंजुश्री बिज्यासांनिसें जूगु खः धैगु न्यने दु । चीनं नेपा वपिं दसेलि नेपालं चीन वंपिं नं अवश्य दत जुइ । वये वने जुयावं च्वन जुइ । अय्सां भीगु इतिहासे थनं सु सु वन, चीनं सु सु वल धैगु खँ उल्लेख जुया च्वंगु मदु । दुगु हे जूसां थौकन्हे भीसं ब्वने मखने धुंकल । भीत मह्यूत पिसं, भीगु ब्याक्क इतिहास न्हंका छोये धुंकल ।

चीने आतकं ल्यनाच्वंगु पुलां पुलांगु सफूकथं नेपा व चीनया दथुया स्वापूयाबारे आपालं खँ सीदुगु दु । निदँ तक चीनया राजधानी च्वना चिनियाँ ग्रंथ अध्ययन याना प्रो. निरञ्जन भट्टराइजू 'चीन र त्यससित नेपालको सम्बन्ध' धैगु सफू च्वयादीगु दु । वहे सफुती उल्लेख याना दीकथं, भी नेपालं दकसिबे ह्नापां चीन बिज्याम्ह खः श्री बुद्धभद्र शाक्य ।

वसपोलया जन्म ईस्वी सन् ३५८ स जूगु खः । स्वदँ दुबले वसपोलया माँ मंत, न्यादँ दुबले बौ नं मंत । माँबौ निम्हं मदयेका अनाथ जुया च्वनेमाल । अय्सां मचायात श्रद्धालु दातातसें दया माया तया लहिना तल ।

समय जुसेंलि गुरुयाथाय् विद्या अध्ययन नं यानादिल । मचांनिसें बौद्ध धर्म पाखें वसपोलया मन क्वसागु खना सकसियां वसपोल यो । ग्वाहालिनं सकसिनं यात । १७ दँ दुबले हे वसपोलयाके बौद्ध धर्मबारे प्रशस्त ज्ञां दयेधुंकल । गुरुपिसंनं थपिसं स्यूगु, सगु दक्व ज्ञां वसपोलयात कना बिल ।

सापहे प्रतिभाशाली व विद्वान जूगुलिं उगुबखते बौद्ध संसारे वसपोलया नां प्रख्यात जुल । थाय् थासे च्वंगु आपालं बौद्धतीर्थ व बिहार चाहिला विद्वानजनपिनिगु सत्संगत याना बिज्यात । थुगुह्रे प्रकारं चाह्रयुह्रयुं काश्मीरया 'मौथ्यान थोलो' धैगु

बिहारे थ्यन । अनया नायपिसं सापहे अनुरोध यागुलिं बुद्धभद्रजु अनहे च्वना बिहारे ब्वँवक्वसित बौद्धधर्मया शिक्षा बिया च्वना बिज्यात ।

थुगुहे बखते बौद्ध धर्मया अध्ययन मनन यायेत भिक्षु पाओ युनया नेतृत्वे चीनं बिज्यापिं न्याम्ह भिक्षुपिं अन बिहारे थ्यन । थपिनि अध्ययन यायेमाक्व सिधयेका बिहारया नाययाके बेला फ्वँवन । नाप-नापं बौद्धधर्म सम्बन्धी बांलाक थुइके फुम्ह, कने फुम्ह सुं विद्वान दुसा छम्ह चीने यंकेगु बिचा नं प्वंकल । नायनं बुद्धभद्रयात क्यन । वसपोल-यागु पूरा नक्सां सिफारीश यात । बुद्धभद्र बुद्धया कुलयाम्ह, बुद्धया देशं बिज्याम्ह ख:, वसपोल बौद्धधर्ममा प्रकाण्ड विद्वान, वसपोलयात यंकल धासा सापहे भिं जुइ धका नायनं उजं दयेका बिज्यात ।

अनंलि चिनियाँ भिक्षुपिं वना बुद्धभद्रयात अनुरोध यात । अनुनय विनय यात । थ:गु देशं तापाक्क, गुलसं वने मनंनिगु न्हूगु देशे वनेत न्हापांजा बुद्धभद्रजुं इच्छा मयात । तर लिपा चिनियाँ भिक्षुपिनिगु आपालं अनुरोध व थ: इष्टदेवता गौतम बुद्धया हे धर्म प्रचार जुइगु खँ भापिया वनेगु मंजूर याना बिज्यात । इस्वी सन् ४०६ स बुद्ध धर्म संघया जयकर याना बुद्धभद्रपिं काश्मीरं चीनया निंति प्रस्थान जुया बिज्यात ।

स्वदँति न्यासिहे वना विभिन्न देश देशावर जुया, आपालं दु:ख कष्ट नया वसपोलपिं च्याओच थैगु थासे थ्यन । थ्व थाय्यात थौंकन्हे भियतनाम धाइ । अनं लखटे (जहाजे) च्वना चीन बिज्यात । छुं दिन लिपा बुद्धभद्रपिनिगु लख (जहाज) शान्तुङ्या छिङताओ थैगु थासे च्वंगु जहाजघाटे थ्यन । अनं उगुबखतया राजधानी छाङआन थैथाय् बिज्यात । अनया जुजु व प्रजापिसं वसपोलपिनिगु धूमधाम नक्सां लसकुस यात । वसपोलपिंत अनया दक्वसिबे तधंगु बिहारे बिज्याकल ।

बुद्धभद्रजुं अन बिहारे च्वना चिनियाँतयत् बौद्धधर्म स्यने कनेगु ज्या याना बिज्यात । चिनियाँ भिक्षुपिनिगु आपालं शंका, उपशंकायात समाधान याना बिज्यात । वसपोलया लिसलं सकसिगुं चित्त बुझे जुल । वसपोलया विद्वतां अनया विद्वानपिं, अनया जनसाधारण सापहे प्रभावित जुल । नुग: मूपिं छम्ह निम्हसें वसपोलयात बदनाम यायेत नं सन । तर लिपा सत्य खँ प्रकट जूँबले क्षमा नं फ्वन ।

छाङआनं वसपोलपिं छाङच्याङ (थौंकन्हे हुपे) बिज्यात, अनं नानचिङ । नानचिङे फाहियान वया बुद्धभद्र नापलात । अले निम्हं जाना बौद्धग्रंथ चिनियाँ भाषां हीकेगु ज्या सुरु यात । सन् ४२० ई.स फाहियान मंत । अय्नं बुद्धभद्रजुं थम्हं भाला कयागु ज्या पूवंकेत चाह्निं मेहनत याना बिज्यात । सन् ४२९ ई.स. ७१ दँया बयसे वसपोल अनहे निर्वाण जुया बिज्यात ।

वसपोलं चिनियाँ भाषां हीका बिज्यागु बौद्धग्रंथ चीने जक मखु, बिश्वया मेमेगु देशेनं अध्ययन यापिं दु । विश्वया ततधंगु सफूकुथी वसपोलं हीका बिज्यागु ग्रंथ तयातगु दु । अध्ययन याइपिंत क्यनेगु ब्यवस्था दु । वसपोलयात चिनियाँतसें 'च्वेस्यान्' धाइगु जुया च्वन । बेलायतया स्यामुयल बीलं (Samule beal) सम्पादन यागु 'चिनियाँ त्रिपिटकया ग्रंथ सूची' (Catalogue of the Chinese tripitaka) थुपिं ब्याक्क सफूया उल्लेख

जूगु दु । सि -यु- कि धैगु चिनियाँ भाय्‌या सफूयात अङ्ग्रेजी भाषं हीका स्यामुयल बीलं (Buddhist Records of the western world) पश्चिमी संसारया बौद्ध अभिलेख नामं हुएन साङ व मेमेपिं लँ जुवातय्‌गु विवरण पिकागु दु । उकीनं बुद्धभद्रया उल्लेख जूगु दु ।

नेपा व चीनया दथुई क्वातुगु स्वापू तया बिज्याम्ह, इस्वी सन्‌या प्यंगूगु शताब्दी पाखेया छम्ह नेपामि बुद्धभद्रयात भ्रीसं लोमंके धुन । तर उगु बखते चीने बिज्याना अनया जनताया निति, बौद्धधर्म प्रचारया निति थःगु सम्पूर्ण जीवन अर्पणयाना बिज्याम्ह वसपोलया नां लुं आखलं च्वयातगु दु । चिनियाँ इतिहासे वसपोलया नां थ्व संसार दतले ल्यना हे च्वनी । वसपोलया गुणगान चिनियाँतसें जक मखु संसारं हे याना च्वनी ।

◆

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकको निरन्तर प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

श्री गणेश माध्यमिक विद्यालय

भार्वाचो-१, भक्तपुर, फोन नं. ६६१५०१२
मो.नं. ९८४१९८७६७४

यस विद्यालयमा Play Grou र नर्सरी तयारी कक्षामा नयाँ भर्ना खुल्यो सीट सीमित छ ।



## हिन्दु धर्मका एक महान सन्त स्वामी विवेकानन्दका केही उद्‌गार

१) 'बुद्ध-धर्मको छोडकर, दुनियाँ में एक भी धर्म ऐसा नहीं जो विना खून खराबा किए एक भी कदम आगे बढा हो ।'

२) 'संसार भरके धर्म प्रवतर्को में केवल बुद्ध ही एक सेवा व्यक्ति है जिन्होने हमें स्व-विश्वासका पाठ पठाया है ।

३) समस्त मानव-जाति ने केवल एक ही ऐसे व्यक्तित्वको जन्म दिया है । ऐसा उन्नत दर्शन, ऐसी अद्‌भुत सहानुभूति, जिसका वर्णन नहीं किया जा सकता, इस श्रेष्ठ दार्शनिक बुद्ध ने सर्वश्रेष्ठ दर्शका प्रचार किया है ।

४) मनुष्य जातिका इतिहास बतलाता है कि विश्वमें जितने मनुष्य पैदा हुए, उनमे बुद्ध ही सर्वश्रेष्ठ है । उनके साथ और किसी की भी तुलना नहीं की जा सक्ती है ।

*सन् (१८६३-१९०२) का 'कर्मयोग' कृतिबाट पृष्ठ-१६७-६८*
*-स्वामी विवेकानन्द*

# विद्यार्थी जीवनको लागि आर्यअष्टाङ्गिकमार्गको महत्त्व

✍ भिक्षु कोलित

बौद्ध परियत्तिमा बुद्धलाई चिन्नु कति जीवनोपयोगी छ भनेर जान्नु नै बुद्धधर्म हो। उहाँलाई जीवनोपयोगी हुने थरी थरी प्रकारका उपदेशहरू देशना गर्नुभएको छ, जसमध्ये आर्यअष्टाङ्गिकमार्ग पनि एक हो। कुनै कुनै व्यक्तिले धर्मलाई सजिलै बुझ्छन् त कसैले बुझ्न सक्दैनन्। भगवान् गौतम बुद्धले ज्ञान प्राप्त गर्नुभएपछि आफ्नो धर्मदेशना कसलाई गर्ने भनेर विचार गर्नुभयो। त्यति बेला उनले आफ्ना गुरू आलार कालामलाई सम्झिनुभयो तर उहाँहरूको स्वर्गीय भइसकेको थियो। त्यसपछि आफूले दुष्करचर्या गर्दा सेवा गर्ने पञ्चवर्गीय ऋषिहरूलाई धर्मदेशना गर्नुभयो। यो नै उहाँको पहिलो धर्म-देशना र धर्मचक्र प्रवर्तन पनि हो। बुद्धधर्म सिक्ने र त्यसलाई व्यवहारमा पालन गर्ने उपासक उपासिकाहरूले निम्न दुई कुरा छोड्न सक्नुपर्दछ।

**१. कामेसुकामसुखल्लिकानुयोगो** - हामीलाई सुख चाहिन्छ तर त्यसमा आशक्ति भएर बस्नु हुँदैन यदि भयो भने हामीले जुन कुरा जान्न र सिक्नुपर्ने हो त्यो पाउन सक्दैनौं। सुख पनि मध्यम प्रतिपदाबाट प्राप्त गर्नुपर्छ।

**२. अत्तकिलमथानुयोगो** - हाम्रो दैनिक जीवनमा सुख चाहिँदैन भनेर आफ्नो शरीरलाई बढी दुःख, पीडा दिएर पनि पाउनुपर्ने शिक्षा प्राप्त गर्न सक्दैनौं। जुन व्यक्तिले नखाएर, नपिएर शरीरलाई दुःख दिने व्यक्तिले ज्ञानको बाटो जान गाह्रो हुन्छ। बुद्धले पनि दुष्करचर्या गर्नुभएको थियो तर अनुभवका लागि मात्र गर्नुभएको थियो। उहाँले ऋषिमुनिहरू जानुभएको बाटो ठीक छ कि छैन भनेर जान्नमात्र गर्नुभएको थियो। तर बोधिसत्त्वको बेला मध्यममार्ग जानुभएर बिस्तार-बिस्तारै खान सुरू गर्नु भएर मात्र ज्ञान लाभ गर्नुभयो। सुजाताले दिएको क्षीरदान ग्रहण गर्नुभएर ध्यान गर्नुभयो। त्यसपछि उहाँले शरीरलाई धेरै दुःख वा सुख दिएर ज्ञान प्राप्त गर्न सकिँदैन भन्ने कुरा बोध गर्नुभई आर्यअष्टाङ्गिकमार्गको बारेमा धर्मदेशना गर्नुभयो। जुन यसप्रकार छ-

**१. सम्यक् दृष्टि** : आर्यअष्टाङ्गिकमार्ग विद्यार्थी जीवनको लागि धेरै नै महत्त्वपूर्ण छ। सत्यको बाटोमा हिँड्न सम्यक् दृष्टि चाहिन्छ। विद्यार्थीले यो ठीक छ, यो बेठीक छ भन्ने थाहा पाउन सक्नुपर्छ। ठीक सम्झने ठीक देख्ने र ठीक

विचार गर्ने गर्नुपर्छ । यसको कमि भएमा मानिसले कुविचार, कुकर्म गरेर आफ्नो जीवन नष्ट गर्दछन् । त्यसैले गर्दा विद्यार्थीलाई मात्र नभई दैनिक जीवनमा पनि यसको महत्त्व धेरै नै छन् ।

**२. सम्यक् संकल्प** : संसारिक दुःखबाट मुक्त हुन नभै नहुने चतुआर्यसत्य राम्रोसँग सोच्न, सम्झन, कल्पना र विचार सम्यक संकल्पद्वारा पलाउँछन् । सत्यलाई चिनेर त्यसमा लाग्न सक्नुपर्छ । शिक्षाहरू मध्ये धर्मको शिक्षा सबभन्दा महत्त्वपूर्ण छ । भौतिक शिक्षा भन्नाले कुनै पनि काम गर्न आवश्यक पर्ने शिक्षा बुझिन्छ । सम्यक् संकल्पद्वारा आर्जन गरेको शिक्षा जुनसुकै क्षेत्रमा पनि राम्रो हुन्छ ।

**३. सम्यक वाचा** : ठीक हेराइ, ठीक विचार गरेर मात्र ठीक बोली आउँछ । सम्यक् वाचा भन्नाले झूठो नबोल्ने, आफू र समाजलाई राम्रो हुने कुरा बोल्नुलाई नै भनिन्छ । झूठो कुरा बोल्नाले आफूलाई नै बेफाइदा हुन्छ । बुद्धधर्म अनुसार विद्यार्थी जीवनमा यसको महत्त्व ज्यादै छ । मानिस समाजमा बस्नुपर्ने प्राणि हो । ऊ एक्लै छुट्टिएर बस्न सक्दैन । त्यसैले जहिले पनि समाजमा बस्न लायक, झूठो कुरा नबोल्ने हुनुपर्छ । आफूलाई अरुलाई र समाजलाई फाइदा हुने कुरामात्र गर्ने, कडावचन नबोल्ने तर अरुलाई र समाजलाई फाइदा हुन्छ भनेमात्र कडा बोल्नुपर्छ ।

**४. सम्यक् कर्म** : हामीले गर्ने काम धेरै किसिमका हुन्छन् । पञ्चशीलअनुसार ५ वटा काम नगर्नु नै सम्यक् कर्म हो । संसारमा भएको सबै जीवजन्तु र पशुपन्छी उत्तिकै राम्रो वातावरण बनाउनको लागि आवश्यक सम्झी कसैको हिंसा नगरी सबैसँग मिलेर बस्नु, सबै आफूजस्तै बाँच्न चाहन्छ भन्ने सोची सबैमा करुणा राखी हिंसारहित भएर बस्नु नै सम्यक् कर्म हो । त्यसै गरी जाँड, रक्सी, गाँजा, अफीस आदि बेहोस हुने चीज सेवन नगर्न, परपुरुष वा परस्त्रीसित व्यभिचार नगर्नु जस्ता कार्य पनि सम्यक् कर्म हो । विद्यार्थी जीवनमा शीलको जति महत्त्व छ उति नै सम्यक् कर्मको छ । हामीले राम्रोसँग पञ्चशील पालन गरेमात्र सम्यक् कर्म गरे बरावर हुन्छ ।

**५. सम्यक आजीव** : कसैकसैले आफ्नो भविष्यलाई विचार नगरी जे पायो त्यही काम गरेर हिँड्छ जसको कारणले गर्दा पछि गएर विपाकको भागि बन्नुपर्छ । यसरी नराम्रो काम नगरी सफल जीवन जिउनु नै सम्यक् आजीव भनिन्छ । यो हामीले विद्यार्थी जीवनदेखि नै प्रयास गर्नुपर्दछ ।

**६. सम्यक् व्यायाम** : कुनै पनि व्यक्ति अल्छि भएमा उसले कुनै काम पनि गर्न सक्दैन । त्यसैले सबै व्यक्तिमा ठीक उत्साह चाहिन्छ । ठीक अधिष्ठान गर्नुपर्छ । हाम्रो जीवन भनेको धेरै नै महत्त्वपूर्ण छ । त्यसैले हामी कहिल्यै पनि अल्छि हुनुहन्न । यसले हामीलाई पनि विनाश गर्छ र अरुको पनि विनाश गर्छ । त्यसैले ठीक अधिष्ठान गर्न अभ्यास गर्नुपर्छ । हामीले दिनहुँ गर्नुपर्ने काम पनि अल्छि नभइकन ठीक ठीक समयमा गर्नुपर्छ । No pain no gain भने जस्तै दुःख, परिश्रम नगरी सुख प्राप्त गर्न सक्दैन । दशपारमिता पार गर्नुभएर बुद्ध भगवान् हुनुभयो, Mother terisa ले पनि आफ्नो दृढ अधिष्ठानद्वारा गरेको मेहेनत परिश्रमले गर्दा नै उनले ठूलठूला काम गर्नुभएर विश्व प्रसिद्ध हुनुभयो ।

**७. सम्यक् स्मृति** : सम्यक् दृष्टिले देखेर, सम्यक् व्यायाम गर्न सक्यौं भने सम्यक् स्मृति गर्न सक्छौं । हामीमा दृढ अधिष्ठान र दृढ मन नभएमा आधा काम मात्र गर्न सकिन्छ । सम्यक् व्यायाम गर्न धैर्य मन चाहिन्छ । धैर्य मनद्वारा गरेको सम्यक् व्यायामले सम्यक् स्मृतिलाई बढाउँछ ।

**८. सम्यक् समाधि** : चित्त दृढ भएको व्यक्तिले सम्यक् समाधि गर्न सक्छ । हाम्रो मन पनि बाँदरको चालचलन जस्तै चञ्चल हुन्छ । चञ्चल नभई एक चित्त भएर काम गर्नु सम्यक् समाधि हो । हामीले समाधि गर्न आँखा चिम्लेर ध्यान गर्नुपर्दैन । आँखा खोलेर पनि समाधि गर्न सकिन्छ । हामीले सम्यक् दृष्टिबाट काम गर्न शुरु गऱ्यौं भने सम्यक् समाधिसम्म पुग्न सक्छौं ।

आर्यअष्टाङ्गिकमार्ग मध्यममार्ग हो । यो नै दुःखबाट मुक्त हुने मार्ग हो । यसको विद्यार्थी जीवनमा धेरै महत्त्व छ । यो आर्यअष्टाङ्गिकमार्ग शिक्षा ग्रहण गर्न, समाजमा मिलेर बस्न धेरै महत्त्वपूर्ण छ । यसै महत्त्वपूर्ण कुरालाई विचार गरी आफ्नो दिनचर्यामा पालन गर्ने व्यक्तिमा गुणहरू असीमित हुन्छ तर विचार नगर्ने व्यक्तिमा बढि घमण्ड हुन्छ । कुनै पनि व्यक्तिमा घमण्ड भन्ने कुरा उसमा भएको राम्रो वस्त्र, धेरै सम्पत्ति, राम्रो साथी र आफ्नो राम्रो रुपको कारणले गर्दा उत्पन्न हुन्छ । मानवमा भएको म, मेरो, मलाई भन्ने विचारले नै घमण्ड उत्पन्न गराउँछ । घमण्ड विनाशको कारण मात्र हुन्छ । अस्तु !

◆

प्रो. रामप्रसाद किसी — मो. नं. ९८५१०४४३७३



बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित
बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकको
निरन्तर प्रकाशनको
हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**डी.पी.सी. तथा जग्गा पूर्न र इँटा भट्टाको लागि शुद्ध माटो चाहिएमा सम्झनुहोस्**

*निर्माण सामग्री र साधानको लागि पनि सम्पर्क गर्नुहोला ।*

# पण्डित रत्नबहादुर बज्राचार्य



✍ रत्नसुन्दर शाक्य

नेपाल मण्डल काठमाडौं उपत्यकाको एक प्रमुख शहर हो - ललितपुर (पाटन) यहाँ प्राचीन कालदेखिको बौद्ध सम्पदा प्रशस्त रहेका छन् । मौर्यकालीनको रुपमा चिनिने यहाँ (पाटन) का ४ वटा थूर (त्यता:, पूच्व :, ई:वही र लगं) हरू मात्र होइन त्यसपश्चात् बनिएको लिच्छवी र मल्लकालीन बौद्ध सम्पदाहरू पनि अद्यावधिसम्म सुरक्षित रुपमा रहेको हामी पाउँछौं ।

यस ललितपुर शहरमा ती प्राचीन बौद्ध सम्पदाहरूको साथै बौद्ध -धर्मदर्शनलाई अविछिन्न रुपमा संरक्षण प्रचार प्रसारमा लागि परेका कयौं बौद्ध व्यक्तित्व (विभूति) हरू पनि अद्यावधिसम्म अटूट रुपमा रहँदै आएका छन् । ती बौद्ध विभूतिहरूमा एक प्रमुख हुनु हुन्छ - पण्डित रत्नबहादुर बज्राचार्य । यहाँ उहाँकै संक्षिप्त परिचय प्रस्तुत गरिन्छ -

उहाँको जन्म वि.सं. १९५० (ने.सं. १०१३) साल, असार कृष्ण त्रयोदशीका दिन ललितपुरको एक प्रमुख महाविहार बुवहाल (यशोधर महाविहार) मा पिता रत्नराम बज्राचार्य र माता सानुमाया बज्रचार्यको जेठा पुत्रको रुपमा भएको थियो ।

उहाँ सानै उमेरदेखि प्रतिभाशाली थिए । उहाँलाई बाल्यकाल मै मावली बाज्ये हुनुभएका पण्डित कुलमान सिंहले आवश्यक शिक्षा- दीक्षा दिई दीक्षित गराई कम उमेर मै व्याकरण, काव्य, न्याय आदि एवम् विभिन्न लिपिसम्बन्धी पनि ज्ञान दिइसकेको थियो ।

रत्नबहादुर बज्राचार्य यतिमा सन्तुष्ट हुन भएन, आफ्नो बुबाको व्यापार कार्यको सिलसिलामा १४ वर्षको उमेरमै तिव्वत पुग्नुभएको बेलादेखि त्यहाँ सिगात्चे (Shigatse) मा रहनुभएका गेशे (कल्याणमित्र - पण्डित) हरू सित तिब्बती बुद्ध-धर्मको बारेमा पनि ज्ञान हासिल गर्दै जानुभएको थियो ।

उहाँ तिब्बतमा एक दशक पूरा रही त्यहाँबाट फर्कने क्रममा ठाउँ-ठाउँमा "बोधिचर्यावतार ग्रन्थको प्रसंग लिई कयौं धर्म व्याख्यान दिँदै आउनुभएको थियो । कुटीमा उहाँले पूरा ३ महिनासम्म नेपालको मौलिक महामानी बौद्ध ग्रन्थ "आर्यगुणकारण्ड व्यूह सूत्र" को बारेमा व्याख्यान दिनुभएको थियो । यसै धर्म व्याख्यानको सिद्धिबाट पछि आएर रत्नबहादुर बज्राचार्य नेपाल मण्डलका

एक सुविख्यात पण्डितको रुपमा प्रसिद्ध पाउँदै गए ।

सन् १९२३ को मार्च-अप्रिल (वि.सं. १९७९ को शिवरात्री) मा भारतका एक आर्यसमाजी रामोदर साधु नेपाल भ्रमण गर्न आएको थियो । उहाँ शिवरात्रीको मेला (पर्व) पश्चात् एक डेढ महिना नेपालमै गुप्त रुपमा (राणा सरकारको नजरमा) रहने इच्छा लिई फर्पिङ्ग स्थित शिखर नारायण मन्दिर परिसरमा रहेको थियो ।

फर्पिङ्गको उक्त शिखर नारायण मन्दिर-हिन्दू र बौद्धहरूको पनि सम्मिलित तीर्थ थियो । अत: त्यहाँ काठमाडौं उपत्यका (नेपाल मण्डल) का बौद्धहरूको साथै तिब्वती लामा गुरुहरूको पनि आवागमन स्थल रहेको थियो । त्यहाँ पूजाको निम्ति आएका नेवार बौद्धहरूसित रामोदर साधु (पछि महापण्डित राहुल साँकृत्यापन) ले नेपाली बौद्ध विद्वानहरूको जानकारी लिएको थियो । सोही क्रममा उहाँले बज्र दत्तवैद्यको साथै पण्डित रत्नबहादुर बज्राचार्यको नाम, स्थानको टिपोट गरी ७ मार्च १९२३ को दिन फर्पिङ्गबाट पाटन पुग्नुभएको थियो । पाटनमा उहाँ एवम् उहाँको मित्र महेन्द्र नाथ सिंह सप्तपुर महाविहार - चिकंबहीमा पुगी वृषमान वैद्य जसलाई राहुल साँकृत्यायनले भूलवश वज्रदत्त वैद्य भनी उल्लेख गरिराख्नु भएको छ लाई भेटी यशोधर महाविहार-बुबहालमा आई पण्डित रत्नबहादुर बज्राचार्यलाई भेट्न आउनु भएको थियो । यस प्रसंगलाई महापण्डित राहुल साँकृत्यायनले यस प्रकार उल्लेख गरिराख्नु भएको छ ।

"पाटन में मुझे एक दूसरे बौद्ध पण्डित रत्नबहादुर से भेट हुई । वह सिद्धान्तकौमुदी कुछ पढे हुए थे, किन्तु साहित्यमें प्रगति नहोने से सँस्कृत भाषा समझने - बोलने में दिक्कत अनुभव करते थे । बौद्ध साहित्य के कुछ ग्रन्थको उन्होने दिखलाया और कुछ बातें भी बतलाई । तिब्बतमें वह रह चुके थे, और तिब्बती कन्जूर के कुछ ग्रन्थोंको सूची भी उन्होने बनाई थी ....

दोपहरका भोजन रत्नबहादुर के मित्र एक बडे सौदागार कराया, इनको कई कोठियाँ तिब्वत में है, और कह रहे थे - यदि आप चलना चाहें तो हम आपको तिब्बत भेज सकते थे । किन्तु मैं डेढमास बाद छपरा लौटने की बात कहकर आया था ।"

यस प्रकार रत्नबहादुर बज्राचार्य ३० वर्षको उमेर मै ख्यातिप्राप्त व्यक्ति भइसकेको थियो । उहाँले आफू बौद्धकुलमा जन्मनुभएको नाताले पनि बौद्ध धर्मको उत्थान कार्यमा हरतरहले लाग्नु भएको थियो । वि.सं. १९८७ सालमा उहाँले बौद्ध जातिलाई उत्थान गर्ने हेतु "धर्मोदय पाठशाला" नामक एक शिक्षा केन्द्र पनि खोली स्वयं नै प्रधानाध्यापक हुनु भएको थियो ।

वि.सं. १९९० सालको महाभूकम्पबाट नेपालमण्डलमा निर्मित कयौं मठ-मन्दिर, विहार आदि भग्नावशेषको रुपमा परिणत हुन गएको थियो । पाटनका केही देवलहरूमा प्रमुख रहेको क्षतिग्रस्त मच्छिन्द्रनाथ (करुणामय) को मन्दिर र कुम्भेश्वर मन्दिरलाई पूर्ववत रुपमा विभिन्न टुँडाल, तोरणहरू मिलाइ जीर्णोद्धार कार्य सम्पन्न गर्नुमा उहाँको विशेष हात रहेको थियो ।

पण्डित रत्नबहादुर बज्राचार्यले तिब्वतमा मात्र होइन तिब्वतबाट फर्कनु भएदेखि नै नेपालको मौलिक बौद्ध ग्रन्थको रुपमा रहेको नवखण्ड वा नौ

वटा मौलिक महायानी बौद्ध ग्रन्थलाई ठाउँ-ठाउँमा महिना-महिना भर नै बिताई धर्म व्याख्यान गर्दै आउनुभएको थियो । प्रमुख ठाउँहरूमा पाटनको नाग बहालस्थित "धाख्वा" साहूहरूको घरमा, इखाछेँ, टंग:वहाल, न:टोल, बुवहाल र बुबहालस्थित आफ्नै घरमा थियो ।

उहाँले नवखण्ड वा नवव्याकरणको अलावा अन्य बौद्ध ग्रन्थ सुखावतीब्यूह, स्वयम्भू पुराण अशोकानन्दान, नाम संगीति एवम् तन्त्रात्मक रहस्य एवम् अन्य विभिन्न दीक्षाको बारेमा पनि नेवार बौद्ध जनसमुदायलाई अव-बोध गराउँदै आउनुभएको थियो ।

वि.सं. २००१ सालमा पण्डित रत्नबहादुर बज्राचार्यले "स्वयम्भू पुराण" ग्रन्थ नेपाली कागजमा पूर्णरुपमा अनुवाद (नेपाल भाषामा) गरी स्वयम्भू महाचैत्यमा चढाउनु भएको थियो । यस्तै उहाँले बज्राचार्य समुदायलाई धर्मावबोध गराउने हेतु वि.सं. २००५ सालमा "पुण्योदयाश्रम" नामक पुस्तिका पनि लेखी प्रकाशित गर्नुभएको थियो । यस पुस्तिका मात्र होइन उहाँले बज्राचार्य समुदायलाई समाधि चर्य्याकोबारेमा पनि अववोध गराउँदै जाने हेतु "पुण्याग्रदूत" पनि स्थापना गर्नुभएको थियो - पाटनको सुप्रसिद्ध हिरण्यवर्ण महाविहारमा वि.सं. २००६ सालमा पण्डित रत्नबहादुर बज्राचार्य तिब्वती गुरु पद्ममसम्भवको एक योगस्थल मानिएको टिस्टुङ-पालुङ - ऋषिश्वरमा जानुभई "उत्कान्ति" नामक योगाभ्यासमा लाग्नुभएको थियो । त्यही उहाँले आफ्ना शिष्यहरूलाई प्रत्येक बेलुका महिनाभर सुखावती ब्यूह ग्रन्थको व्याख्यान पनि गर्नुभएको थियो । त्यसैताको पुरश्चरणमा रहेदेखि उहाँले केश नकाटिकन जट्टाधारी हुँदै आउनुभएको थियो ।

वि.सं. २००७ सालको प्रजातन्त्र पश्चात् महापण्डित राहुल सांकृत्यायन आफ्नो पाँचौ पटकको नेपाल यात्राको क्रममा आफ्नो पत्नी कमला सांकृत्यायनलाई पनि साथ लिई ८ जनवरी १९५३ अर्थात् २५ पुस २००९ का दिन काठ्माडौं आइपुगेको थियो । उहाँको यसपटकको यात्रा ३ हप्ता (८-३१ जनवरी) को थियो । यस अवधि भित्रमा उहाँले काठ्माडौं उपत्यकाको दर्शनीय स्थलहरूको अवलोकन पश्चात् नेपालका प्रमुख राजनीतिज्ञ, साहित्यकार एवम् विभिन्न विद्वान्हरूको भेटघाटको क्रममा पाटनमा पुगी आफ्ना पुराना (३० वर्ष अगाडिका) मित्र पण्डित रत्नबहादुर बज्राचार्य वार्ता गर्नुभएको थियो ।

स्मरणीय छ वि.सं. २००९ साल भित्रमा पण्डित रत्नबहादुर बज्राचार्यले स्वयम्भू भुइखेलमा "जगतोद्धार विद्यालय" मा सरिक भई संस्कृतका शिक्षक हुनुको साथै "वीर पुस्तकालय" मा नेपालभाषा र तिब्वती भाषा" को प्रवन्धक पनि नियुक्त भइसकेको थियो ।

पछि आएर पण्डित रत्नबहादुर बज्राचार्यले सर्वसाधारणले समेत तिब्वती, संस्कृत साहित्य नेपालभाषाको ज्ञान विस्तृत गराउने हेतु- तिनै भाषा (तिब्वती-संस्कृति र नेपालभाषा) र सम्मिलित एक शब्दकोष पनि तयार गर्नुभएको थियो । उहाँले संस्कृतबाट नेपालभाषामा अनुवाद गरिएका केही कृतिहरूमा वोधिचर्या वतार, गुरु मण्डलार्चन, नामसंगीति, बोदिसत्व कल्पलता अवदान, अष्ट साहसिका प्रज्ञापारमिता आदि प्रमुख छन् ।

अफशोच पण्डित रत्नबहादुर बज्राचार्यले

आफ्नो सफल जीवनयात्रा ६२ वर्षको उमेरमा वि.सं. २०१२ (ने.सं. १०७५) सालको असार कृष्ण पक्ष दशमीका दिन आफ्नी पत्नीलगायत ४ भाई ४ पुत्र र एक पुत्रीलाई स्मृतिमात्र बाकि राखि सदाको निमित्त यस संसारबाट प्रस्थान गर्नुभएको थियो ।

उहाँको निधन पश्चात उहाँका पुत्र-पुत्री एवम् शिष्यहरूले उहाँको स्मरणमा उहाँका एवम् विभिन्न कृतिहरू प्रकाशनको साथै अन्य कयौं गतिविधिहरू सम्पन्न गरेबाट उहाँको स्मरण अद्यावधिसम्म यशकीर्ति अक्षुण्ण रहँदै आएको र रहँदै जानेमा हामी विश्वस्त छौं । अस्तु

सन्दर्भ

१) पण्डित श्री रत्नबहादुर बज्राचार्य - मणिकरत्न शाक्य
नेपाल परम्परागत बौद्ध धर्म सङ्घ

२) यशोधर महाविहार संघ (छगू अध्ययन)
२५३७ औं बुद्धजयन्ती समारोह समिति
यशोधर महाविहार, यल

३) मेरी जीवन यात्रा, भाग - १, ५ - राहुल सांकृत्यायन
भाग -१ आधुनिक पुस्तक भवन
कलभत्ता - १९५०
भाग - २ राजकमल प्रकाशन प्रा.लि.
दिल्ली - १९६७

४) A Short History ot Buddhism in Nepal
Min Bahadur Shakya
Young Buddhist Publication - 1986

◆

*गतिविधि*

# एक दिवशीय बाल आनापान ध्यान शिविर सम्पन्न

*मैत्रेय युवा संघको आयोजनामा २०७६ कार्तिक ३० गते शनिबारको दिन थथुबही जयकीर्ति महा-विहारमा एक दिवशीय बाल आनापान ध्यान शिविर सम्पन्न भयो । विश्व विपश्यना आचार्य श्री सत्यनारायण गोयन्काजीको अडियो टेप प्रयोग गरी सञ्चालन भएको बाल आनापान ध्यान शिविर शिक्षिका सत्यलक्ष्मी रंजितले सञ्चालन गर्नुभएको थियो । उक्त शिविरमा १३ बालक तथा २१ बालिका गरी कुल ३४ जना बालबालिकाहरू सहभागी भएका थिए ।*

*भगवान बुद्धको उपदेशानुसार ध्यानमा बस्नु भनेको आफ्नो मनलाई शुद्ध तथा परिशुद्ध पार्ने काम हो । ध्यानमा बस्नाले मन नियन्त्रित हुन्छ र यसले मनलाई, एकाग्र बनाउँछ । मनमा आउने लोभ, रिस, घृणा, इर्ष्या जस्ता थरी-थरीका विकारहरूलाई पन्छाएर शुद्ध पार्ने विधि नै ध्यान हो ।*

*मैत्रेय युवा संघले हरेक वर्ष समय-समयमा आनापान ध्यान शिविरको आयोजना गर्दै आएको छ ।*

◆

# भैषज्य गुरुका रूपमा गौतम बुद्ध

✍ वसन्त महर्जन

गौतम बुद्धको जीवनीको सन्दर्भमा हाम्रो समाजमा ज्याँदै प्रचलित एउटा बयान पाइन्छ, बच्चा बेलादेखि उनलाई बाह्य संसारबाट अलग्ग राखिएको थियो, मूलतः बुढो, रोगी, शव र सन्यासीबारे अनभिज्ञ राखिएको थियो । यी कुराको नजर नहोस् भनेर पूर्ण बन्दोबस्त गरिन्थ्यो तर एक दिन बुढो देखियो, जिज्ञासा राखेर सोध्दा सारथि छन्दकबाट उक्त कुप्रिएको र छाला पनि चाउरिएको प्राणी पनि मान्छे नै हो र मान्छे एक दिन बुढो हुनैपर्छ भनेर पनि थाहा पाए । एवम्‌रीतले रोगी शव र सन्यासीबारे पनि बुझे । बौद्ध समाजमा यसलाई चार निमित्त भनिन्छ । यही चार निमित्त देखेर उनमा वैराग्य उत्पन्न भयो र राति सुटुक्क घरबार छाडेर प्रवजित भए । जीवनी पुस्तक 'गौतम बुद्ध' लेख्दा मैले यो वर्णनलाई ठाडै अस्वीकार गरेँ र त्यसको बदलामा तर्क गरेको थिएँ-सिद्धार्थले त्यस अघि कोही बुढो मान्छे देखेनन् भन्नु फजुल कुरा हो । उसो भए उनले आफ्नो बाबुलाई पनि भेट्न दिइएको थिएन र ? सिद्धार्थ २९ वर्षको हुँदा बाबु शुद्धोदन ८६ र सानीआमा प्रजापति ७९ वर्ष पुगिसकेकी थिइन् । गुरुहरूबाट शिक्षा प्राप्त गर्नेक्रममा उनलाई आयुर्वेदसम्बन्धि ज्ञान पनि दिइएको थियो र त्यसमा पनि उनी पारङ्गत थिए । आयुर्वेदसम्बन्धि ज्ञानमा पारङ्गत सिद्धार्थलाई बुढो, रोगी र शवबारे थाहा थिएन भन्नु स्वतः फजुल कुरा हो । बच्चा बेलादेखि ध्यान, साधना सिकेका र दत्तचित्त भएर ध्यान भावना गर्दथे भन्ने पनि थाहा पाइन्छ । यसर्थमा चार निमित्तको पूरा बयान नै फजुल भयो सिद्धार्थ आयुर्वेदमा पारङ्गत र पछि पनि कुशल चिकित्सकका रुपमा सेवा गरेको कुरा उक्त जीवन पुस्तकमा समावेश गर्दा धेरैले थप जिज्ञासा राखेका थिए ।

गौतम बुद्धमा चिकित्सासम्वन्धी ज्ञान पर्याप्त मात्रामा रहेको बुझिन्छ । गृहस्थ जीवनमा छँदै उनी ध्यान, साधना तथा आध्यात्मिक चिन्तनमननमा संलग्न थिए । पछि घरवार छाडी प्रवजित जीवन अपनाए । तपस्याबाट केही लाभ नभएपछि अर्थात् बुद्धत्व प्राप्तिमा सहायक छैन भनेर बोध भएपछि ती ध्यान साधना गरेका थिए र हरेक ज्ञानमा उनी उच्च तहसम्म नै पुग्थे भन्ने कुरा उद्दकरामपुत्र र आलारकालमको प्रसङ्ग तथा आफ्नो साधनाका सम्बन्धमा स्वयम् बुद्धले नै बताएको बयानबाट पनि बुझिन्छ । यसबाट आयुर्वेदिक ज्ञानमा पनि उच्च तहसम्म नै पुगेको कुराको अनुमान गर्न सकिन्छ र बौद्धहरू बुद्धलाई 'भैषज्य गुरू' का रूपमा लिने गरेबाट यस कुराको पुष्टि हुन्छ ।

बुद्धले बिहारमा एकपटक रोगी भिक्षु देखे । भिक्षुमात्रै भनेर हुन्न, त्यहाँ विभिन्न स्वभावका भिक्षु हुने गर्दछन् । ती भिक्षु सेवा-सुश्रुषाको अभावमा दुःख पाइरहेका थिए । रोगी भिक्षुकहाँ स्वयम् बुद्ध पुगी चिकित्सा सेवामा सरिक भएका थिए । उक्त सेवाका लागि बुद्ध जो कसैलाई पनि अह्राउन सक्दथे तर रोगीको सेवामा समर्पित हुन प्रेरित गर्ने हेतु हुनुपर्दछ, बुद्ध स्वयमले रोगीको घाउमा तातोपानीले सफा गरी औषधी लगाइदिए । यस्ता दृष्टान्तहरू देख्ने र थाहा पाउने उनका शिष्यहरू दत्तचित्त भएर यस्तै सेवामा लाग्नु स्वाभाविक हो । ती कुरा थाहा पाएकै भरमा पनि त्यसबाट प्रेरित भई लागेको पाइन्छ ।

बौद्ध वाङ्मयहरूमा चिकित्सासम्बन्धी थुप्रै ज्ञान रहेको पाइन्छ । तीमध्ये एक विनय पिटकको 'महावग्ग' अन्तर्गत 'भैषज्य स्कन्धक' प्रसिद्ध छ । आवश्यकताअनुसार कुन रोगका लागि के औषधि खुवाउने र त्यो औषधि के-के कुराको कति मात्रा मिलाएर बनाउने भन्ने स्वयम् बुद्धले विभिन्न प्रसङ्गमा बताएका कुराहरू उक्त खण्डमा सङ्कलित छ । यही एउटा स्कन्धकले पनि बुद्धमा चिकित्सासम्बन्धी राम्रो ज्ञान रहेको जनाउँछ । बुद्धकै बेलामा जीवकजस्ता नामी वैद्यहरू बुद्ध धर्मसँग सम्पर्कमा थिए, जसले धनी, गरिब तल्ला-मल्लो जात केही नभनी सेवा गर्दथे । यही आदर्शलाई पछिसम्म पनि अनुशरण गर्दै जानेक्रममा बुद्ध धर्म भूगोलको ठूलो भू-भागमा जीवनको एक अभिन्न अङ्ग बन्न पुगेको हो ।

बुद्ध र बौद्ध धर्मबाट अत्यधिक मात्रामा प्रभावित हुने सम्राटहरूमा भारतका मौर्य सम्राट अशोक पनि एक थिए । विस्तृत भूक्षेत्रमा बौद्ध धर्मलाई विस्तार गर्नेहरूमा उनको योगदान पनि उल्लेखनीय मान्नुपर्दछ । उनले धर्मका नैतिक आचरण वा सैद्धान्तिक कुरामात्रै फैलाएनन्, कतिपय कुराहरूलाई व्यावहारिक धरातलमा पनि उतारे । त्यस्ता अनेकौं कार्यमा एक चिकित्सा सेवा पनि हो ।

अशोकका अभिलेखहरूबाट थाहा हुन्छ, उनले ठाउँठाउँमा चिकित्सालय पनि खोलेका थिए । यस्तो चिकित्सालय मानव जातिका लागि मात्रै सीमित हुँदैनथ्यो । मानिसका साथसाथै पशुपक्षीका लागि पनि बेग्लाबेग्लै चिकित्सालयको बन्दोबस्त गरिएको पाइन्छ । पशुपक्षीका लागि चिकित्सालय नौलो अवधारणा प्रतीत हुन्छ तर यसको व्यवस्था ईसापूर्व तेस्रो शताब्दीमा सम्राट अशोकले नै सुरू गरिसकेको यसबाट बुझिन्छ । बौद्ध धर्मअनुसार मानिस हुन् वा पशुपक्षी, योनिमा मात्रै फरक हो, सारमा सत्व (प्राणी) हो । बौद्ध धर्म दर्शनको कर्मसिद्धान्तअनुसार आज जसलाई मानवका रुपमा देख्दै छौं, उही भोलि कुनै पशु वा पक्षीका रुपमा जन्मने हो । आज जसलाई पशु वा पक्षीको रुपमा देख्दैछौं, कर्मफल भोगिसकेपछि कुनै बेला मान्छेका रुपमा जन्म लिन आउने हुन् । केही वर्षअघि मृत्यु भएका आफ्ना प्यारा बन्धुबान्धवहरू नै आज पशुपक्षी वा कीटपङ्ग आदि योनिमा हाम्रैवरिपरि डुलिरहेका पनि हुन सक्छन् । यही भएर सबै प्राणीमा समभाव राख्नु भनिएको हो । यस्तो आदर्शबाट प्रेरित सम्राट अशोकले चिकित्सालयहरूको निर्माणमा जोड दिनु स्वाभाविक हो । यो सेवाभाव आफ्नो देशमा मात्रै सीमित थिएन । उनले औषधि तथा जडीबुटीहरू

युनानलगायत अन्य देशहरूमा पनि पठाएर स्वास्थ्य सेवाको अपूर्व उदाहरण प्रस्तुत गरेका थिए ।

गौतम बुद्धको चिकित्सा सेवाको भावनाको प्रसार कतिसम्म थियो भन्ने कुराको अर्को उदाहरण हो, कम्बुज (कम्बोडिया) । ईशाको एघारौं, बाह्रौं शताब्दीमा कम्बुजका राजा जय बर्मा (सप्तम) का थुप्रै शिलालेखहरू प्राप्त छन्, तीमध्ये दसवटा त आरोग्यशाला वा चिकित्सालयको व्यवस्थासम्बन्धी नै छन् । बुद्ध, बौद्ध धर्म तथा अन्य कुराको प्रशस्ती गर्दै अभिलेखमा राज्यको प्रमुख शत्रुका रुपमा रोग-व्याधीलाई लिइएको छ र रोगव्याधीरुपी शत्रुको नाश गर्न औषधालयको व्यवस्था गरिएको वर्णन पाइन्छ । बौद्ध विहार वरिपरि यस्ता औषधालयको व्यवस्था गरिएको हुन्थ्यो । ती औषधालय एवम् चिकित्सालयको सेवा नि:शुल्क हुन्थ्यो । आठ सयभन्दा बढी गाउँको आम्दानी सोझै चिकित्सा सेवामा जान्थ्यो भने त्यसको अलावा राज्यको अन्य स्रोत पनि जुटाएको पाइन्छ । भैषज्य गुरुबाट प्रभावित भई राजा जय बर्माले आफ्नो यो चिकित्सा सेवा आफ्नो देशमा मात्रै सीमित नराखी चीन बङ्गालको खाडीमा पनि पुऱ्याएका थिए ।

कहिलेकाहीं बुद्ध धर्म र चिकित्सा सेवा पर्याय नै हुन् कि जस्तो प्रतीत हुन्छ किनभने बौद्धहरू चिकित्सा सेवालाई आफ्नो धर्म साधनाको एउटा पाटोकै रुपमा लिन्छन् । तिब्बतका स्वास्थ्यकर्मीहरूका रुपमा चर्चित आम्चीहरू प्रायस: बौद्ध गुम्बासित सम्बद्ध रहेका हुन्छन् । अनेक बुद्धहरूमा भैषज्य बुद्धको पनि कल्पना गरेको पाइन्छ । काठमाडौंका बौद्ध साधक विशेषत: शाक्य बज्राचार्य पनि औषधिमुलो गर्ने कामलाई धर्म साधनाकै रुपमा लिएको पाइन्छ । समस्यामा परेका जोकोहीको पनि विनाभेदभाव सेवा गर्नु बौद्ध धर्मको परम आदर्श हो । स्वास्थ्यस्थिति कमजोर अवस्थामा पुग्नु भनेको संवेदनशील विषय हो र यस्तो बेलामा बौद्धहरू चुप लागेर बस्नु धर्म साधनाविपरीत जानु हो । स्वयम् बुद्धले पनि भनेका छन्, 'रोगीको सेवा गर्नु मेरै सेवा गर्नु बराबर हो ।'

◆

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित
बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकको निरन्तर प्रकाशनको
हार्दिक शुभकामना व्यक्त गर्दछौं।

लक्ष्मीसुन्दर लवजू
मो.नं. ९८४१२९९८९९

नविन कवां
मो.नं. ९८४१२१४७३१

मानस कंक्रित उद्योग

जगाती, हनुमानचा, ताथली-८, भक्तपुर

यहाँ उच्चस्तरीय रोडा, ढुङ्गा, चिप्स, बालुवा, माटो तथा ईंटाका साथै गाडी (ट्रिपर) बाट डेलिभरीको पनि व्यवस्था छ ।

गतिविधि

# शैक्षिक भ्रमणका अनुभवहरू

✍ अनिशा खड्का
परियत्ति कक्षा-४, मैत्रेय युवा संघ

मैत्रेय युवा संघको आयोजनामा गत मंसिर २८ गते, शनिबारका दिन चोभारमा शैक्षिक भ्रमण लगिएको थियो । शैक्षिक भ्रमणका निमित्त हामी ४५ जना गएका थियौं । त्यसबेला मैले देखेका, गरेका आफ्ना अनुभवहरू यहाँ व्यक्त गर्न चाहन्छु ।

हामी इटाछेँको मिनीबस पार्कमा सबै सहभागीहरू जम्मा भयौं र लगभग ८:३० बजे चोभारका लागि बस गुड्यो । हामी विभिन्न दृष्यहरू हेर्दै, गाउँदै रमाइलो गर्दै चोभारतिर हुँइकियौं । लगभग ९:२० तिर गाडी टक्क रोकियो । हामी सबै बसबाट तल झर्‍यौं र "सुलक्षणकीर्ति विहार" रहेछ । त्यो ठाउँ एकदमै सुन्दर थियो । चिसो मौसम, ताजा हावा र सुन्दर ठाउँ देखेर मेरो मन फुरुङ्ग भयो । कोही फोटो खिच्न, कोही खेल्न र कोही यता उताका दृश्य हेर्न तिर लागे । म र मेरा दुईजना साथीहरू पनि त्यहाँका राम्रा र सुन्दर दृश्य हेर्न तिर लाग्यौं ।

हामीले सुरुमा "सुलक्षण किर्ति विहार" को प्राङ्गणमा रहेको बोधिसत्व सिद्धार्थ कुमारको ठूलो मूर्ति हेर्‍यौं । त्यो मूर्ति लगभग ४ तल्ला (३८ फीट उचाई)को थियो । त्यहाँ ढुङ्गामा लेखे अनुसार त्यो मूर्ति २०७५ साल चैत शुक्ल पक्ष १५ गते, शनिबारको दिन निर्माण भएको रहेछ । त्यस्तै त्यहाँ २ तल्ला जतिका सम्यक सम्बुद्धको ठूलो मूर्ति पनि रहेछ, त्यसमा चाहिँ ढुङ्गामा लेखिएको थिएन । मेरो अनुभवमा त्यो पनि त्यहीं समयमा नै निर्माण भएको हुनुपर्छ । त्यस्तै अर्को ठाउँमा मार्बलका बुद्धका विभिन्न मूर्तिहरू पनि थिए । त्यसमा आइतबार सर्प, शुक्रबार मुसा गरी अर्थ दिइएको थियो । तर त्यसको अर्थ चाहिँ बुझ्न सकिन । फेरी एक छेउ नागका मूर्तिहरू पनि देखें । त्यो पनि साह्रै सुन्दर थियो । गुरुमांले भनेअनुसार त्यस क्षेत्रमा ७ थरीका नागहरू घुम्ने गर्छन् रे ।

त्यसैले त्यस क्षेत्रलाई नाग घुम्ती पनि भनिने गर्छन् रे । त्यसै अनुसार त्यो पोखरी बनाइएको हो भनेर सुनेकी थिएँ । यी सबै सुलक्षणकीर्ति विहार प्राङ्गणका दृश्यहरू हुन् । त्यसपछि हामी विहार वरपरका भवनहरू पनि हेर्न थाल्यौं । त्यहाँ ८/१० वर्षका साना-साना गुरुमांहरू पनि बस्नु भएको रहेछ । त्यहाँका दृश्यहरू मलाई एकदमै रमाइलो र सुन्दर लाग्यो ।

त्यसपछि हामीलाई चिया नास्ता खान बोलाइयो । हामी सबै नास्ता खान गर्‍यौं । त्यसपछि फेरी घुम्यौ र खेल्न थाल्यौं र त्यसै समयमा हामीलाई बुद्धपूजा गर्न बोलाइयो । हामी सबै एउटा हलभित्र गयौं, जुन एकदमै राम्रो थियो । त्यहाँ पनि बुद्धका मूर्तिहरू सजाइएका थिए । त्यहाँ हामीले बुद्धपूजा, पञ्चशील पाठ, त्रिरत्न गुण स्मरण साथै १० मिनेट आनापान ध्यान अभ्यास पनि गर्‍यौं । त्यसपछि खाना खान गयौं ।

खाना खाई केही विश्राम गरेपछि हामी बसमा चढ्यौं र फर्पिङ्ग तिर गयौं । हामी त्यहाँ

जाँदा गाडीमा रमाईलो गर्दै, गीत गाउँदै र रमाईला दृश्यहरू हेर्दै गयौं र लगभग १ घण्टा पछि पहाड काटेर बनाइएको पद्मसम्भवको ठूलो मूर्ति भएको फर्पिङ्गको एउटा गुम्बामा पुग्यौं । त्यस गुम्बाभित्र जान पाएनौं किनकी त्यस गुम्बाका लामाहरू बाहिर जानुभएको रहेछ र गेटमा ताला मारिएको थियो । हामीले गेट बाहिरैबाट फोटोहरू खिचेर बसमा चढी फेरी चोभार तिर फर्क्यौं ।

बसबाट लगभग आधा घण्टा पछि हामी चोभारमा रहेको महामञ्जुश्रीको ढुङ्गाको मूर्ति भएको ठाउँमा पुग्यौं । त्यहाँ पनि हामीहरूले फोटो खिच्यौं र वरपरका दृश्यहरू हेर्‍यौं । त्यहाँबाट कीर्तिपुरको थाई विहारमा गयौं । त्यो विहार पनि एकदमै राम्रो रहेछ । त्यहाँ पनि राम्रा-राम्रा कलाकृतिहरू र बुद्धका मूर्तिहरूको साथै लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगरका नमुनाहरू भवनका माथि निर्माण गरिएका छन् । त्यहाँ पनि हामीहरूले फोटोहरू खिच्यौं र चिलंचो विहार तिर गयौं । कीर्तिपुरको ऐतिहासिक विहारको पनि फोटोहरू खिच्दै हामी सुलक्षण किर्ति विहारमै फर्क्यौं । विहारमा पुग्दा खाजा पनि तयार भइसकेको रहेछ र हामी खाजा खाई गुरुमांको उपदेश सुन्न हलमा गयौं ।

अनोजा गुरुमां मलाई एकदमै राम्रो लाग्यो । उहाँले ११ वर्षको उमेरमा गृहत्याग गरी प्रव्रजित हुनु भएको रहेछ । उहाँले आफ्नो प्रव्रजित जीवनमा धेरै दु:ख कष्ट पनि सहनु भएको रहेछ । उहाँले आफ्नो जीवनका भोगाइहरू सुनाउनु भयो ।

मेरो विचारमा उहाँ नवीनतम चिन्तनका धनी व्यक्तित्व हुनुहन्छ । उहाँले मानिसहरूप्रति निकै सहयोग, सेवा भाव राखी विभिन्न योगदानहरू गर्नुभएको छ । उहाँ यस्तो व्यक्तित्व हुनुहुन्छ जसले शाक्यमुनि बुद्धको शिक्षालाई जनमानसमा पुऱ्याउन समर्पित र दृढतापूर्वक लगनशील भएर काम गर्नुभएको छ । सबैभन्दा मलाई मन छोएको र प्रभावित भएको कुरा के हो भने अनोजा गुरुमां विभिन्न चुनौतीपूर्ण परिस्थितिहरू सामना गर्न निडर साहसी र जोश जाँगरले भरिपूर्ण व्यक्तित्व हुनुहुन्दो रहेछ । हामी पनि विवेकपूर्ण ढङ्गले सम्हाल्न सक्ने क्षमता भएको, सही पक्षलाई उजागर गर्न सक्ने क्षमता भएको र अरुलाई पनि अभिप्रेरित गर्न सक्ने क्षमता भएको गुरुमांको जस्तो स्वभाव हामीले पनि अनुसरण गर्नुपर्छ र जीवनमा उतार्नुपर्छ भन्ने ज्ञानहरू मैले श्रध्यय अनोजा गुरुमांबाट हासिल गरें ।

उक्त प्रवचन कार्यक्रममा मैत्रेय युवा संघका संस्थापक अध्यक्ष तिर्थराज बज्राचार्यले प्रश्नोत्तर शैलीमा अनोजा गुरुमांलाई उत्तर दिनुभई आफ्ना विचारहरू व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा भ्रमण टोलीबाट विहारका लागि दान स्वरुप उठेको रकम रू. ३२००।- गुरुमांलाई दान दिईएको थियो भने संस्थापक अध्यक्ष तिर्थराज बज्राचार्यका भाई दिवंगत रत्नबाबु बज्राचार्यकी श्रीमति शुशिला बज्राचार्यले आफ्ना श्रीमान्‌को स्मृतिमा विहारका लागि रू. १२,००।- दान गर्नुभएको थियो । संघका सचिव संचित बुद्धाचार्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा संघका अध्यक्ष जमुना गोसाईंले धन्यवाद ज्ञापन गर्नु भई पुण्यानुमोदन गरी उक्त कार्यक्रम सम्पन्न गर्नुभयो ।

प्रवचन सकिए लगतै हामी खाना खान गयौं र खाई सकेपछि सामानहरू ओसार्दै गाडीमा राख्यौं । अनि त्यहाँबाट गाडीमा चढी भक्तपुर फर्कियौं । हामी सबैजना ८ बजेतिर घर पुग्यौं ।

यसरी हाम्रो एक दिवशीय शैक्षिक भ्रमण अत्यन्तै सफल, ज्ञानबर्द्धक र अविस्मरणीय रह्यो ।

*"भवतु सब्ब मङ्गलं"*

◆

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ
प्रकाशित बौद्ध साहित्यिक पत्रिका **'अर्हत्'**
त्रैमासिकको निरन्तर प्रकाशनको हार्दिक
शुभकामना व्यक्त गर्दछौं।

विभिन्न ब्राण्डका सिमेन्ट डण्डी र हार्डवेयर
सम्बन्धी अन्य सामग्रीहरु चाहिएमा
हामीलाई सम्झनुहोस् ।

**PPC/OPC/PSC**

प्रो. प्रविन किसी (Cement Expert)
मो.नं. ९८५११११८५१३

**ख्वप मिनि हार्डवेयर**

**सल्लाघारी, भक्तपुर, नेपाल**

**फोन नं. ०१-६६१८७४२**

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक को वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै

निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।


## बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

Email: arhattraimasik@gmail.com

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

# भक्तपुर नगरपालिका


# भक्तपुर महोत्सव २०७६

# BHAKTAPUR FESTIVAL 2020

17th - 21st MARCH, 2020 (चैत्र ४ - ८ गते, २०७६)

## आकर्षण

१. सांस्कृतिक कार्यक्रम - लायकु, क्वाठण्डौ, दत्तात्रय र टौमढी
२. नगरावाद्न - व्यासिमण्डप, लायकु
३. तस्वीर प्रदर्शनी - तव सत्त:, लायकु र वैचु त्व:
४. चित्रकला, छ्वालीकला, तस्वीर र पौभा प्रदर्शनी - लायकु, थथुबहि र कुथुबहि (मिनिबस पार्क)
५. परम्परागत पोशाक प्रदर्शनी - लायकु (फसीदेग पछाडि)
६. ख्वाला महोत्सव - तुलाछेँ, यातुबारे पुखु (कमलविनायक), नलसी पुखु, खलौं र न:पुखु पश्चिम
७. हलिमलि -छुमागणेश चोछेँ, वाकुपति नारायण, दत्तात्रय, नलसी पुखु र टौमढी
८. परम्परागत वाद्यवादन सामग्री प्रदर्शनी - भोलाछेँ
९. परम्परागत धागो रंगाउने - नागपुखु, बालाछेँ
१०. कुमारी (जीवित देवी) प्रदर्शनी - प्रशान्तशिल महाविहार, क्वाठण्डौ
११. दिपङ्कर बुद्ध प्रदर्शनी - प्रशान्तशील महाविहार, भौरबहि, चतुर्ब्रम्ह महाविहार, थथुबहि र कुथुबहि
१२. नवदुर्गा प्रदर्शनी - नवदुर्गा द्य:छेँ, गछेँ
१३. शैक्षिक प्रदर्शनी - लामग:
१४. नौका विहार - व्यासी पुखु, नाग पुखु, यातुबारे पुखु (कमलविनायक), त:पुखु र न:पुखु
१५. मृत्तिका कलाको परम्परागत र नयाँ उत्पादनको जीवन्त प्रदर्शनी -सुर्यमढी र तालाक्व
१६. परम्परागत खेलकुद प्रदर्शनी र प्रतियोगिता - वाकुपति नारायण, सुर्यमढी
१७. नेवार जीवन शैलीको गतिविधिको प्रदर्शनी - व्यासी, ब्रम्हायणी द्य:छेँ, जेलौ, नलसी पुखु र देगमना
१८. नौ बाजा प्रदर्शनी - वाकुपति नारायण, स:कोलान, दत्तात्रय, गोल्मढी नसी र टौमढी
१९. दही महोत्सव - याछेँ/लालाछेँ, जेलौ र इनाचो
२०. दिपावली - लायकु, यातुबारे पुखु (कमलविनायक), दत्तात्रय, टौमढी र त:पुखु
२१. पुस्तक प्रदर्शनी/बौद्ध प्रकाशन र तस्वीर प्रदर्शनी - भौरबहि, गोल्मढी
२२. महिला हस्तकला/सहकारीहरुको गतिविधि प्रदर्शनी - गोल्मढी यासा
२३. बालबालिका मैत्री गतिविधिहरु/सांस्कृतिक कार्यक्रम - शहिद उद्यान/खेलमैदान र ख:लौं
२४. कृषि उत्पादनको व्यावसायिक प्रदर्शनी - लामग: र म:हिटी
२५. कुखुरा एवम अण्डा महोत्सव - भाज्या पुखु, दुधपाटी
२६. हस्तकलाको जीवन्त प्रदर्शनी - नलसी पुखु, नासमना र तेखापुखु
२७. व्यापार मेला - महेन्द्रपार्क, चौमा र व्यासी
२८. परम्परागत वाद्यवादन प्रतियोगिता एवम प्रदर्शनी - प्रदक्षिणा मार्ग (नगरभरि)



## सांस्कृतिक नगर भक्तपुरमा हार्दिक स्वागत !

**Bhaktapur Festival Secretariat**, Bhaktapur Municipality - 2, Byasi | Phone: 01-6611605
Email: info@explorebhaktapur.com | Url: www.explorebhaktapur.com

भक्तपुर महोत्सव २०७६ का विविध गतिविधिमा समावेश हुन इच्छुक व्यक्ति तथा संस्थाले २०७६ फागुन २० गतेभित्र सचिवालयमा आफ्नो नाम दर्ता गर्नुहुन अनुरोध गर्दछौं ।